*प्रधान सम्पादक*
**संघनायक भिक्षु अश्वघोष महास्थविर**
४२५९११० (संघाराम विहार, ढल्को)

*प्रकाशक र विशेष सल्लाहकार*
**भिक्षुणी धम्मवती**
फोन: ४२५९४६६

*सम्पादक*
**भिक्षुणी वीर्यवती**
**फोनः ४२५९४६६**

*सम्पादन सहयोगी*
**भिक्षुणी शुभवती**

*व्यवस्थापकहरू*
**चिनीकाजी महर्जन**
फोन: ९८४१२५२६६२

**ज्ञानेन्द्र महर्जन**
फोन: ४२७५३७७,९८४१३६६५१४

**ध्रुवरत्न स्थापित**
फोन: ९८४१२६३३५५

*सह-व्यवस्थापक*
**इन्द्रमान महर्जन**
फोन: ९८४१४३४५७२

*कार्यालय*
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघ: नघ:टोल
पोष्ट बक्स नं. ४९९२, काठमाडौं
फोन: ४२५९४६६

बुद्ध सम्बत् २५६२
नेपाल सम्बत् ११३९
इस्वी सम्बत् २०१८
बिक्रम सम्बत् २०७५


| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | २०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. | १००/- |
| यस अङ्कको | रु. | १०/- |


# धर्मकीर्ति
(बौद्ध मासिक)

# THE DHARMAKIRTI
## A Buddhist Monthly

**23rd NOV 2018**

| वर्ष- ३६ | अङ्क- ८ | सकिमना पुन्हि | मंसिर २०७५ |
|---|---|---|---|


**सुनारले अलि अलि गर्दै क्रमशः चाँदीको कसर हटाउँदै जाने जस्तै मेधावीहरूले पनि अलि अलि गर्दै वखत बखतमा आफ्नो चित्तमल नाश गर्दै जानु पर्दछ ।**

**फलामबाट निस्कने मलले उक्त फलामलाई नै नष्ट गर्ने जस्तै केवल खान पिन गर्ने कार्यमा मात्र चञ्चल भएर जीवन विताउने व्यक्तिलाई आफ्नो कर्मले आफैलाई दुर्गतीमा पतन गराउँछ ।**

**स्त्रीको मल दुश्चरित्र हो, दानको मल कञ्जुस हुनु हो भने यस लोक र परलोकको मल पाप नै हो ।**

**पाप कर्म गर्नको लागि लाज नमान्ने, कागले जस्तै खोसेर खानको लागि चलाक, अरूलाई हित नगर्ने, नीच, वडप्पन र मलीन भई जीवन विताउन सजिलो छ ।**

Downloaded from http://www.dhamma.digital

## ▪ सम्पादकीय ▪

# देवता ठूलो कि मानिस ठूलो ?

हाम्रो देश नेपाललाई ३३ कोटी देवताले बास गरिराखेको भूमीको रूपमा लिने गरिन्छ । त्यसैले होला यहाँ देवदेवीहरूको मूर्ति स्थापित मन्दिरहरू पनि धेरै छन् । मानिस भन्दा देवता शक्तिशाली भएको विश्वास गर्दै देवताको पूजा आजा गर्ने चलन पनि छन् ।

तर पाली ग्रन्थ पल्टाएर हेर्ने हो भने एक कर्त्तव्यपरायण इमान्दार मानिस देवता भन्दा पनि उत्तम दर्जामा पुगिरहेको हुँदो रहेछ । संयुक्त निकाय अनुसार देवताहरूले इन्द्रलाई आदर गौरव राखी नमस्कार गर्नुपर्दो रहेछ । एकदिन यसरी नै देवताहरूको एक टोलीले इन्द्रलाई नमस्कार गर्न गएको समयमा इन्द्रले मनुष्यलोक तर्फ हेर्दै नमस्कार गरिराखेको उनीहरूले देखे । त्यसैले इन्द्र समक्ष यसको कारण सोधेछ । प्रश्नको उत्तर दिंदै इन्द्रले भन्न थाल्यो–

**"वे गहट्ठा पुञ्ञकरा सीलवन्ता उपासका**
**धम्मेन दारं पोसेन्ति ते नमस्सामि मातलि"**

अर्थात्– "मनुष्यलोकमा रहेका शीलवान् उपासक उपासिकाहरू जसले धर्मपूर्वक आफ्ना बालबच्चा र परिवारका सदस्यहरूलाई पालनपोषण गर्छन्, उनीहरूलाई मैले आदरपूर्वक नमस्कार गर्दछु ।" इन्द्रको यस भनाईबाट प्रष्टिन्छ, देवता भन्दा एक शीलवान, कर्त्तव्यपरायण, परोपकारी मानिसको दर्जा ठूलो रहेछ ।

त्यतिमात्र होइन इन्द्रले यसरी पनि भनेको छ– "हे मातली ! मनुष्य लोकमा रहेका धर्मात्मा, शीलवान्, मानिसहरू देवलोकमा जन्म लिन आउँदैछन् । अहिले यस देवलोकमा जन्म लिइरहेका सबै देवताहरू पहिलाको जन्ममा दान, शील, र भावना आदि कुशल कर्म गरेर आएका धार्मिक र इमान्दार मानिसहरू नै हुन् ।

मैले पनि पहिला मानिस भइरहेको अवस्थामा आफ्ना आमाबुबालाई चित्त नदुखाईकन कर्त्तव्य पालन गरेर सेवा गरेको थिएँ । त्यति मात्र होइन, उवड खावड र समतल नभएको जग्गालाई समतल पारिदिएको थिएँ । पाटी पौवा निर्माण गरिदिएँ । ३ तल्ले धर्मशाला निर्माण गरिदिएँ । उक्त धर्मशालामा अशक्त बुढाबुढीहरू, विरामी व्यक्तिहरू र गरीब मानिसहरू रहने व्यवस्था मिलाइदिएँ । बाटो नभएको ठाउँमा आवत जावतको लागि बाटो निर्माण गरिदिएँ । यसरी मानिसहरूलाई फाइदा हुने उपकारी कार्यहरू गरेर आएको फलस्वरूप म यस देवलोकमा इन्द्र भई उत्पन्न हुने अवसर प्राप्त गरेँ ।"

माथि उल्लेखित इन्द्रको बयान अनुसार जसले धर्म पालन गर्छ, उसलाई धर्मले साथ दिने यो प्रकृतिको नियम नै हो । त्यसैले इमान्दारपूर्वक आफ्नो कर्त्तव्य पालन गर्दै परोपकारी कार्यमा लाग्ने व्यक्ति देवता भन्दा उँचो श्रेणीमा पुग्ने रहेछ ।

मानिसको रूप लिएपनि आफ्नो स्वार्थको लागि अरूलाई थिचोमिचो, शोषण, ठगी र छलकपट गर्दै कुकर्म गर्ने कुप्रवृत्तिका मानिस रूपले मात्र मानिस कहलिन्छ कर्मले भने पशुको दर्जा पाउने हुन्छ । प्रकृतिको नियमानुसार त धर्मले त्यसलाई मात्र साथ दिन्छ, जसले धर्मानुकुल कर्त्तव्य पालन गर्छ । देखावटी भक्ति भावलाई धर्मले कदापि साथ दिंदैन ।



Downloaded from http://www.dhamma.digital

# अग्रश्रावक रट्ठपाल (श्रद्धापूर्वक प्रव्रजित हुनेमा अग्र)-२

✍ कल्याण मित्र सत्यनारायण गोयन्का

तब रट्ठपालले भने, "गृहपति भोजन दिने भए देऊ, मलाई कष्ट नदिनु ।" भोजन पछि उपदेश दिनु हुँदै भन्नुभयो- "यो विचित्र कायलाई अनेक प्रकारका लुगा गरगहनालगाई सजाईएको हुन्छ जुन अनेक प्रकारका रोग तथा कामनाहरूले घेरिएको हुन्छ । घुंग्रेको केश, गाजल लगाएका आँखा, पाउडर लगाएको मुहार, रंग लगाईएको पैतालाले मुर्खहरूलाई आकर्पित गर्न सक्ला तर निर्वाणको खोजी गरेका ब्यक्तिलाई आकर्षित गर्न सक्दैन । जाल बिच्छाए पनि म  जालमा फस्दिन चारा खाई पुनः वासमा फर्किनेछु ।" यस्तो भनि आयुष्मान रट्ठपाल त्यहाँबाट उठेर महाराज कोरब्यको बगैंचा तर्फ लागे ।

त्यसैदिन महाराज कोरब्यलाई आफ्नो बगैंचा घुम्ने रहर जाग्यो । त्यसैले आफ्नो माली मिगवलाई मिगचीर बगैंचा सफा गर्न लगाए । मिगवले आफ्नो महाराजको आज्ञा अनुसार बगैंचा सफा गर्न गए । त्यहाँ एउटा रूख मूनि आयुष्मान रट्ठपाल साधना गरिहेको देखे । तब गएर राजालाई निवेदन गरे "महाराज बगैंचा सफा छ । त्यहाँ थुल्लकोट्ठिक नगरका कुलपुत्र आयुष्मान रट्ठपाल एउटा रूख मूनि दिवा विहारको लागि रहनु भएको छ ।"

"त्यसो भए आज रट्ठपालसंग समय बिताउनु पर्ला" यति भन्दै राजा आफ्ना परिषद सहित रथमा चढेर दरवारबाट निस्के । रथ जान हुने ठाउँसम्म रथबाट गए फेरि केही बेर हिंडेर रट्ठपाल रहेको ठाउँसम्म पुगे । उनको सआदर सत्कार पछि एक ठाउँमा उभिए । एकातिर उभिरहेका राजा कोरब्यले आयुष्मान रट्ठपाललाई भने– "भन्ते रट्ठपाल ! हजूर यहाँ बस्नुस् ।"

"होइन, महाराज ! हजूर त्यहाँ बस्नुस्, म यहीं सुखी छुँ ।"

तब राजा कोरब्यले भिक्षु रट्ठपालसंग निवेदन गरे- "हे रट्ठपाल ! गृहस्थ जीवनमा कसैलाई जरा-हानि, ब्याधि हानि, भोग-हानि र नाते-रिश्तेदार हानि हुनुको कारण गृहत्याग गरि भिक्षु बन्दछन् ।

जरा हानि भन्नाले मानिस समय अनुसार बूढो हुन्छ तब सोच्दछ कि म बूढो भएँ अब यी सुख सुविधा भोग गर्नु ठीक छैन त्यसैले गृहत्याग गरी प्रव्रजित हुनु पऱ्यो । तर, रट्ठपाल हजूर त नव युवा हुनुहुन्छ, केश फुलेको छैन, सुन्दर हुनुहुन्छ । तब यो जरा हानिबाट धेरै पर हुनुहुन्छ । यस्तो भईकन पनि हजूरले किन गृहत्याग गरि प्रव्रजित हुनुभयो ?

ब्याधि हानि भन्नाले कोही रोगी हुन्छ, बिरामी हुन्छ । तब सोच्दछ कि अब मेरो यस्तो अवस्था भईसक्यो आफूसंग नभएको सुख-सुविधा प्राप्त गर्ने समय रहेन र भएको सुख सुबिधा भोग गर्ने अवस्था पनि रहेन भन्ने विचार आउँछ । तब गृहत्याग गरि प्रव्रजित हुन्छ । तर, रट्ठपाल हजूर त यस्तो अवस्थाबाट धेरै टाढा हुनुहुन्छ तब हजूरले के सोचेर, के देखेर यसरी प्रव्रजित हुनुभयो ?

हे रट्ठपाल ! भोग हानि भन्नाले - कोही ब्यक्ति अत्यन्त धनवान सुविधा सम्पन्न हुन्छ । कुनै कारणले उसको धन आदि नष्ट हुन्छ । तब उस्ले सोच्छ कि मेरा सम्पत्ति आदि क्षय भइसक्यो त्यसैले फेरि सम्पत्ति जुटाउनु पनि ठीक छैन र बाँकी सम्पत्ति-सुविधाको भोग गर्नु पनि उचित छैन । हजूर त थुल्लकोट्ठिकका कुलपुत्र हुनुहुन्छ, यहाँको भोग हानि भएको छैन । हजूरको घर सुन तथा हीराले भरिएको छ । तब तपाईं के देखेर, के थाहापाएर, के सुनेर यसरी घरबार छोडी प्रव्रजित हुनु भयो ?

हे रट्ठपाल ! कसैको नाता-नातेदारको हानि हुन्छ । आफ्ना रगत सम्बन्धीहरू, साथी-भाई आदिको क्षय हुनसक्छ । यस्तो घटनाले मेरा साथी भाई, परिवारजन, इष्ट-मित्र थियो अब कोही रहेन । मेरो लागि यी सुख-सुविधाहरू प्राप्त गर्नुपर्ने जरूरी रहेन र भएको सुविधाको भोग गर्नुपर्ने आवश्यक पनि रहेन भन्ने बिचार आउँछ । हे रट्ठपाल ! हजूरको त रगत सम्बन्धीहरू पनि बाँकी छन्, ईष्ट-मित्र पनि छन् साथी-भाई पनि छन् । तब तपाईं के थाहा पाएर, के देखर, के सुनेर यसरी घरबार छोडि, त्यागी हुनु भएको हो ?

तब आयुष्मान रट्ठपालले स्पष्ट पार्नु हुँदै भन्नु भयो – "महाराज ! भगवान अर्हत सम्यक सम्बुद्धले चार प्रकारको धर्मोपदेश दिनु भएको सुनेर, देखेर, थाहापाएर म घरबार त्यागी प्रव्रजित भएको हुँ । ती हुन्–

(१) लोक अध्रुव छ,

(२) लोक त्राणरहित छ,



Downloaded from http://www.dhamma.digital

(३) लोक अनात्म छ,
(४) लोक सदा तृप्तिरहित छ ।

महाराज भगवान अर्हत सम्यक-सम्बुद्धले यी चार उपदेश दिनुभएको थियो ।

(१) लोक अध्रुव छ भन्नुको तात्पर्य के हो ?

"महाराज हजूर पहिला बीस-पच्चीस बर्षको युवा हुनुहुन्थ्यो । युद्धमा जाँदा हात्ती घोडाको रथ सवार गर्न पारंगत हुनुहुन्थ्यो । त्यस्तै तीर, भाला, धनुष, तलवार आदि चलाउन निपुर्ण हुनुहुन्थ्यो । त्यस समय सायद हजूरको शक्ति-सामर्थ्यको दाँजोमा अरू कोही थिएन होला । महाराज के तपाईंमा आज पनि त्यत्तिकै शक्ति, सामर्थ्य र बल विधमान छ ?"

"हे रट्ठपाल ! आज म अस्सी वर्षको बूढो हूँ । अब पहिलाको जस्तो शक्ति सामर्थ्य र बल कहाँ हुनु ? अब आफ्नो खुट्टा उचालेर एक ठाउँमा टेक्न खोज्छु तर अर्कै ठाउँमा टेकेको हुन्छु ।"

"महाराज यसैलाई जानेर थाहा पाएर, देखेर नै भगवानले भन्नुभयो कि यो लोक (शरीर) अध्रुव छ, यो खिईरहेको छ, यो शरीर क्षय हुँदैछ । त्यसैले यही थाहापाएर, यही देखेर, यही सुनेर म घरबाट छोडेर प्रव्रजित भएको हुँ ।

"भगवानको उपदेश आश्चर्य छ, अद्भूत छ, सुभाषित छ ।"

(२) लोक (शरीर) त्राणरहित छ भन्नुको तात्पर्य के हो ?

"हे रट्ठपाल ! म सित हात्ती, घोडा, रथ तथा पैदल सेना थुप्रै छन् । यी सबै विपत्तिको समयमा काम आउनेछ, यी सुरक्षाका लागि नै हुन् । अब तपाईं कसरी भन्नुहुन्छ कि यो लोकमा सुरक्षा छैन, आश्वासन छैन ? यो त्राण रहित (सुरक्षा नभएको) भन्नुको तात्पर्य के हो ?"

"महाराज तपाईंलाई केही ठूलो रोग छ, जुन रोगको कारण प्राण जाला, जस्तो हुन्छ ?

"हे रट्ठपाल ! मलाई वायु रोग छ, यस्ले मलाई सँधैं सताइरहन्छ । एक पटक त यस्तो भयो कि अब मर्छु नै ! मेरा परिवार, मन्त्री साथी-भाई सबै मलाई घेरेर बसिरहेका थिए ।"

"महाराज ! त्यसो भए तपाईको साथी भाई, परिवारजन, ईष्टमित्रले तपाईंलाई भएको दुखाईको आधा भाग बाँडेर लियो होला, तब तपाईंको दुखाई पनि कम भयो होला । अथवा तपाईं एक्लैले दुखाई सहनु भयो ?

"हे रट्ठपाल ! ती ईष्ट-मित्र, साथी-भाई तथा परिवारजन कसैले पनि मेरो दुखाई बाँड्न सोधेनन् । सारा पीडा म एक्लैले सामना गर्दै रहें ।"

"महाराज यसैलाई थाहापाएर, देखेर, जानेर भगवानले भन्नु भयो कि यो लोक आश्वासन रहित छ, सुरक्षा रहित छ, त्राण रहित छ । त्यसैले यही थाहापाएर, देखेर, जानेर म घरवार त्यागी प्रव्रजित भएको हुँ ।

"ओहो, भगवानको वचन आश्चर्य छ, सुभाषित छ ।"

(३) यो लोक (शरीर) अनात्म हो भन्नुको तात्पर्य के हो ?

"हे रट्ठपाल ! म सित सुनका असर्फी सुन आदि धेरै छन्, जुन जमीनमा गाडेको छु । तर पनि आफ्नो भन्ने छैन भनेर किन भनेको हो ? यो लोक आफ्नो होइन, म भन्ने छैन यस्तो भन्नुको अर्थ के हो, यसलाई कसरी बुझ्ने ?

"महाराज तपाईले यस जन्ममा प्राप्त गरेका पाँच कामगुणहरू अर्को जन्ममा पनि पाउँछ भनेर मान्नु हुन्छ ? अथवा यी गुणहरू अरू कसैले प्राप्त गर्नेछ र तपाईंलाई आफ्नो कर्म अनुसारको भोग प्राप्त हुनेछ ?"

"हे रट्ठपाल ! यस समय मैले यी पाँच कामगुणलाई पाएको छु अर्को जन्ममा यस पाँच कामगुणहरूलाई नपाउन नि सक्छ । अरू कसैलाई यी प्राप्त होला र म आफ्नो कर्म अनुसारको भोग प्राप्त गर्नेछु ।"

"महाराज ! त्यसैले यो संसारमा आफ्नो भन्ने केही छैन । यसैलाई थाहापाएर, देखेर, सुनेर भगवानले यो लोक अनात्म छ, लोक आफ्नो होइन भन्नुभयो । यसैलाई थाहापाएर, देखेर, सुनेर म घरवार छोडि प्रव्रजित भएको हुँ ।

"आश्चर्य छ ! अद्भुत छ ! भगवानको यो उपदेश सुभाषित छ ।"

(४) यो लोक तृप्ति रहित भन्नुको तात्पर्य के हो ?

"संसारका विषयभोगमा उल्झेका प्राणीहरू सँधै अतृप्त रहन्छ । प्राणी आफ्नो तृष्णाको पछि कुदिरहेका हुन्छन् । मानिस सँधै अतृप्त हुन्छन्, हजूरको यस कथनलाई कसरी बुझ्ने ?"

"महाराज ! तपाईं यस समृद्ध कुरू जनपदका स्वामी हुनुहुन्छ, यो कुरा मान्नु हुन्छ ?"

"मान्दछु, निश्चय नै म कुरू जनपदका स्वामी हुँ ।"

"महाराज ! यदि पूर्व दिशाबाट कोही ब्यक्ति आएर त्यहाँ एउटा घना आवाद बस्ती छ । त्यहाँ हात्ती, घोडा, रथ आदि जनपद छन् । त्यो सुन-चाँदीले भरि भराउ छ, सुन्दर



Downloaded from http://www.dhamma.digital

स्त्रीहरू छन् । महाजन हजूरको यी सेना द्वारा आक्रमण गरेमा सजिलै जित्न सकिन्छ भनेर भन्यो भने यस्तो सुनेर हजूर के गर्नु हुन्छ ?"

"हे रट्ठपाल ! त्यस जनपदलाई जितेर आफ्नो भागमा मिसाउँला ।"

"त्यस्तै पश्चिम दिशाबाट पनि यस्तै खबर ल्यायो भने हजूर के गर्नुहुन्छ ?"

'त्यो पनि जितेर आफ्नो राज्यमा गाभिन्छु ।"

यसैलाई देखेर भगवानले भन्नुभयो कि, यो लोक तृप्ति रहित छ, तृष्णा युक्त छ भन्नुभयो ।"

"महाराज ! लोक अध्रुव छ, अनित्य छ; लोक निष्प्राण छ, आश्वासरहित छ; लोक अनात्म छ, आफ्नो भन्ने छैन्; लोक तृष्णा युक्त छ, लोक असन्तुष्ट छ । यसैलाई थाहापाएर, देखेर, सुनेर म घरवार त्यागेर प्रव्रजित भएको हुँ ।"

"उहाँ भगवान सम्यक सम्बुद्धको यो उपदेश सुभाषित छ, आश्चर्य जनक छ, अद्भूत छ ।

*( साभार- "राहुल एवं रट्ठपाल" वि.वि.वि. २०१३ )*

*समाचार*

## बौद्ध परम्परानुसार वडा भवनको जग शिलान्यास

मध्यपुर थिमि नगरपालिका वडानं ७ को "वडा कार्यालय भवन" निर्माणका खातिर मिति २०७५ साल आश्विन २१ गते आईतबारका दिनमा जग शिलान्यास कार्य गर्नु अगावै थेरवादी बौद्ध परम्पराले श्रद्धेय द्वय थाई भिक्षुहरू क्रमशः खनोङ्ग र मित्रज्यूको श्रीमुखवाट भगवान बुद्धको बचनयुक्त परित्राण पाठ गरियो र परित्राण जल निर्माणाधिन स्थलमा छर्काइ सकेपछि यसै न.पा. का श्रद्धेय मेयर श्री मदन सुन्दर श्रेष्ठज्यू र उप मेयर श्रीमती अञ्जनादेवी मधिकर्मीज्यूको संयुक्त करकमलबाट जग शिलान्यास कार्य सम्पन्न गरिएको समाचार छ । प्राप्त समाचार अनुसार सो शिलान्यास भएको भवन रू. ३ करोडको लागतमा नगर स्तरीय योजना अन्तर्गत भवन निर्माण कार्य सम्पन्न शिघ्तया गर्ने लक्ष्य लिई कार्य शुभारम्भ भएको छ ।

## धर्मकीर्ति विहारमा बुद्धपूजा र धर्मदेशना

| क्र.सं. | २०७५ साल | बुद्धपूजा गर्नुहुने गुरुमांहरू | धर्मदेशना गर्नुहुने गुरुमांहरू |
|---|---|---|---|
| १ | आश्विन १ गते, सोमवार अष्टमी, संक्रान्ती | शुभवती | वीर्यवती |
| २ | आश्विन ९ गते, मंगलवार येँया: पुन्हि | अमता | धम्मवती |
| ३ | आश्विन १६ गते, मंगलवार अष्टमी | वण्णवती | इन्दावती |
| ४ | आश्विन २३ गते, मंगलवार, औंशी | अमता | सुवण्णवती |
| ५ | आश्विन ३१ गते, बुधवार, अष्टमी | शुभवती | क्षान्तीवती |
| ६ | कार्तिक १ गते, विहीवार संक्रान्ति | सुवण्णवती | श्रद्धाचारी |
| ७ | कार्तिक ६ गते, मंगलवार श्रीघः पुन्हि | वण्णवती | धम्म्वती |
| ८ | कार्तिक ७ गते बुधवार कतिं पुन्ह | सुवण्णवती | धम्मवती |
| ९ | कार्तिक १५ गते, विहिवार अष्टमी | अमता | मेत्तावती |
| १० | कार्तिक २१ गते, बुधवार औंशी | शुभवती | अमता |



Downloaded from http://www.dhamma.digital

# व्यवहारिक बन, तोता पण्डित होइन

✍ नरेन्द्रनाथ भट्टराई

सैद्धान्तिक ज्ञानको भण्डार बोकेर त्यही कुरा व्याख्या गर्दै जीविका चलाउने व्यक्तिलाई आजकल पण्डित भनिन्छन् । एकपटक एकजना त्रिवेदी पण्डित डुङ्गाबाट नदी तर्दै थिए । तीनै वेद पढेका त्रिवेदीजी गाउँ सहरभरि त्रिवेदी पण्डित" भनेर सुविख्यात थिए । उनले नपढेका वेद, शास्त्र, उपनिषद केही थिएन । आफूलाई ज्यादै जान्ने र अरू केही जान्दैनन् भन्ने कुरामा निकै घमण्ड थियो । हुन पनि कुरामा उनलाई तल पार्न कसैले सकेका थिएनन् । डुङ्गामा तर्दै थिए, माझीलाई आफ्नो विद्वता छाट्न मन लागिहाल्यो । माझीलाई सोधे "एँ माझी ! तैंले कति पढेको छस् ?" माझीले एक अक्षर पनि नपढेको कुरा बतायो ।

"धत्तेरी ! नपढेको भए तेरो आधा, जीवन बेकार भयो । हेर ! मैले त तीनै वेद र सब शास्त्रहरू पढेको छु । अनि तैले हिसाब गर्न त जानेको होलास् नि ?" भनेर सोधे । "रोजी रोटीको समस्याले गर्दा हिसाब पनि मैल केही सिक्न सकेको छैन "भनी माझीले भन्यो । "उसो भए बाँकी आधा जीवन पनि बेकारमै गएछ । हेर मैले त गणितमा आचार्य पास गरेको छु" भनी पण्डितले भने । यसैबखत बीच नदीमा डुङ्गा के पुगेको थियो भयंकरको तूफान बाढी आयो, त्यो देखेर माझीले भन्यो, "होइन पण्डितजी" तपाईले पौडी खेल्न जान्नु भएको छ कि छैन ? तूफान बाढी आयो, अब डुंङ्गालाई हुत्याएर लैजान्छ ।" पौडी खेल्न त जानेको छैन" भनी आत्तिदै पण्डितजीले के भनेको थिए माझीले "मैल त पौडी खेल्न जानेको छु, म त आफ्नो ज्यान जोगाउन कुदें, तपाईको जीवन अब कति सार्थक भयो ? सोच्नुस् ।" यति भनी माझी फालहल्यो र पौडेंर पारी पुग्यो, पण्डित डुङ्गासंगै कता हुत्तिए थाहा भएन ।

यसैगरी एकजना ठूलो ज्योतिषीको बारेमा पनि एउटा कथा छ । कुनै ठाउँमा राजज्योतिषी एक पटक ताराहरूको अध्ययन गर्दै हिंडिरहेका बखत कुवामा खसे । नजिकैको घरमा बस्ने एउटी बूढीले चाल पाएर दौड्दै कुवामा आएर ज्योतिषीलाई झिकिदिइन् । ज्योतिषीले बुढियासंग प्रसन्न हुँदै भने, "बूढीआमा ! म राजज्योतिष हुँ । तपाइँले मेरो उद्धार गरिदिएको हुनाले म तपाईको सम्पूर्ण भविष्यको कुरा वताइदिउँला भोलि मेरो घरमा आउनुहोस् । कुरा सुनेर बूढियाले हाँस्दै "जो आफ्नो आँखा अगाडिको कुवा नदेखेर खस्दछ, त्यस्ताले अरूको भविष्य हेर्ने ।"भन्दै घरभित्र पसिन् ।

अहिलेको संसार यस्तै मानिसहरूले भरिएको छ । सिद्धान्तका कुरा कण्ठ छन्, तर व्यवहार भने शून्य ।" ■

*समाचार*

## अल्पकालिन दुर्लभ ऋषिणी प्रव्रज्या

बुद्ध सं. २५६२ मा नगदेश बुद्ध विहारमा बर्षावास अधिष्ठान गरी रहनु भएका श्रद्धेय थाई भिक्षु Khanong ज्यूको बर्षावास अधिष्ठान विनयपूर्वक सम्पन्न भएको सन्दर्भमा यही वि.सं. २०७५ कार्तिक-१९ गते, सोमबार सम्पन्न हुने, गरिने "पवित्र एवं महान कठिनोत्सव शुभ कार्यको प्रतिष्ठा एवं गौरव अभिबृद्धि गर्नाखातिर श्रद्धेय केशावति गुरूमांको अगुवाईमा पाँच दिने अल्पकालीन ऋषिणी प्रव्रज्या कार्यक्रम वि.सं. २०७५ कार्तिक १४ गते देखि १८ गते सम्म संचालन भएको कार्यमा निम्न लिखित उपासिकाहरूले प्रव्रजित जीवन यापन गरी अभ्यासरत हुनु भएको समाचार छ ।

| क्र.सं. | गृहस्थ नाम थर | ठेगाना |
|---|---|---|
| १. | तेज माया बुद्धचार्य | स्वयम्भू |
| २. | तीर्थ माया प्रजापति | त्वागाः टोल |
| ३. | अष्ट माया कौरी | न्हूहिटी |
| ४. | पुतली माया बाडे | महाखेल |
| ५. | हरी माया कोजु | केवचा |
| ६. | जगत लक्ष्मी बैद्य | बहाननी |
| ७. | तुल्सी देवि घजु | नायढोका |
| ८. | तुल्सी माया बाडे | महाखेल |
| ९. | तुल्सी माया बाडे | दथुलां टोल |
| १०. | न्हुच्छे देवि बाडे | भाँसिहिटी |
| ११. | हरी देवी घजु | दथुलां टोल |
| १२. | तुईल माया कौरी | मिलरोड, बोडे |
| १३. | गुण लक्ष्मी बाडे | दथुलां टोल |
| १४. | गणेश देवि के.सी | सानोठिमी |
| १५. | बसुन्धरा देवि बुद्धाचार्य | स्वयम्भु |
| १६. | अष्ट माया बैद्य | छवासः टोल |
| १७. | राम केशरी ध्याको | छवासः टोल |
| १८. | तुल्सी माया प्रजापति | त्वागाः टोल |
| १९. | असल माया प्रजापति | त्वागाः टोल |
| २०. | मल्लिका डंगोल | ढोकासी टोल |
| २१. | अचला बाडे | झ्वापुननी टोल |
| २२. | क्रिष्टिना खिचाजु | सिचाको टोल |
| २३. | लरिसा प्रजापति | काडाँघारी |
| २४. | दिपिका बाडे | बहाननी टोल |



Downloaded from http://www.dhamma.digital

# ला थहां वइगु कारण

✍ डा. तुलसीनारायण श्रेष्ठ

छिगु नेपालभाषा पत्रिकाय् वंगु जेठ २५ गते शुक्रवाः श्री नानीकाजी सापूजुं वय्कःया तिरि मय्जुयात निदँ न्हयवंनिसे पिलाक्वय् ला थहां वइगु व्यथां दुःख बियाच्वंगुलिं उकियात कयाः छगू च्वसुया अनुरोध यानादीगु ब्वना। जि तसकं लय्ताया, जिगु च्वसु छिकपिंसं ब्वंगु जुयाच्वन। भचा भचासां उसाँय् या ज्ञां बिउगु जुयाच्वन। छिकपिं सकसितं सुभाय् देछायाच्वना। सापूजु छिम्ह तिरिमय्जुयात पिलाक्वया ला थहां वइगु व्यथा नापनापं प्रेसर व चिनिया ल्वय् दुगु नं सिल। अय् धायेबलय् वय्कः अथे हे न्ययदँ, ख्वीदँ वैशया जुइमाः धकाः जिं अनुमान याना। छिगु अनुरोधय् थ्व च्वसु च्वयाच्वना।

पिलाक्वया ला थहां वइगु ल्वय् नं बुढेसकालया ल्वय्त मध्ये छगू खः। म्ह पुलां जुयावः लिसे शरीरय्, म्हय् अनेक कथंया कमी कमजोरी जुयाः दुःख सी मालावइ। पिलाक्वया ला थहां वइगु अनेक कारण दु, सकतां फुक्कं च्वयां ला साध्य जुइ मखु। हानं उकिया निदानया लागि अनेक जाँचबुझ याना स्वयेमाली। ल्वय् पत्ता लगे मजुइकं वासः नं ला धाये फइमखु। अय्जुयाः अज्याः गु फुक्क ल्वय्त त्वःताः थन जिं समान्य कथं ला थहां वइगु उसाँययात कयाः च्वयाच्वना।

ला थहां वइगु धयागु हे पिलाक्वया ला थहां वइगु खः। मेथाय् मेथाय् ला उलि थहां वइमखु। ला थहां वइगु धयागु लापाँय् हे थहां वइगु मखु। लापाँय् म्वय् म्वय्निलाः छाना वइगु खः। कडा जुयावइगु खः। अंग्रेजी भासं थ्वयात स्पाजम जूगु धाइ। अथे लापाँय् म्वय् म्वय् निलीबलय् अर्थात ला थहां वइबलय् लापाँय् तसकं स्याइ। ज्वनातये माली। उसिउसि यानाः भचा लिपा म्वय्म्वय निलाच्वंगु म्हो जुयावनी। न्हापा थें तुं नाइसे च्वनावइ। ला थहां वःगु नाइसे च्वनाः लनावनी।

ला थहां वइगु खास यानाः द्यनेबलय् वा न्यासि वनेबलय् जुइ। द्यनेबलय् गुबलें गुबलें मनूतय् न्हयलय् धुप्यनेगु जुयाच्वनी। ल्हाः तुति तिल्ल प्यंक तप्यंकेगु। यदि थथे हे न्हयलय् वा न्हयलं चायेकाः धुप्यनेबलय् जक आकाझाकां पिलाक्वया ला थहां वइगु खःसा ग्यायेम्वाः। थ्व सामान्य खः। ल्वय् मखु। धुप्यनेबलय् आकाझाकां लापाँय्या नसाय् दबाब जूगुलिं ला थहां वये यः। यदि अथे खःसा अज्याःल्बलय् पिलाक्वया ला थहां वइगु खःसा आकाझाकां धुप्यनेबलय् होस यायेमाः होस याःसा गाः। धुप्यने जिऊ तर बुलुहुं, छक्वलं तिल्ल मिंक मखु। होस यानाः गाछि गाछि जक तुतिं तप्यंकेगु। ला थहां वइ थें च्वनकि त्वःतेगु। ला थहां वइमखु।

मेगु कारण खः म्हय् खनिज पदार्थ अर्थात इलेक्ट्रोलाइटया कमी जुइगु। इलेक्ट्रोलाइट, धइगु सोडियम, पोटासियम, क्याल्सियम, म्याग्नेसियम आदित खः अर्थात् थ्व फुक्क चिया प्रकारत खः। छुं नं कारणं यानाः म्हय् खनिज पदार्थ कमी जुलकि ला थहां वइ। कमी जुइगु कारण अनेक दइ। गथेकि चि बारे याइपिं, चि गाक मनइपिं, इलय्ब्यलय् सिसाबुसा, धौ, दुरू, ला, ख्यैं आदि पौष्टिक खाना मनइपिं वा नयेमखंपिंत जुइ। तरल पदार्थ, झोल गाक्क मत्वनीपिं, शारीरिक परिश्रम अप्वः याइपिं, अय्लाः थ्वँ अप्वः त्वनीपिं, नये मगानाः कुपोषण जुइपिं आदि खः। इलेक्ट्रोलाइटया म्होतिं जुइगु थीथी ल्वय् दु। अज्याःपिंत नं ला थहां वइ। थाकुक ज्या याइपिं, चःति नाः ना वयेक श्रम याइपिं, अप्वः चःति वयाच्वनीपिं आदि कथंया मनूतय्सं नं गाक्क झोल पदार्थ मत्वनकि इलेक्ट्रोलाइट गाइमखु। अथे हे तसकं मखु, भचा भचा अर्थात न्हिं स्वक्वः प्यक्वः झारा ताउतक जुयाच्वनीपित, बान्ता जुया च्वनीपि.त वा तसकं झाडाबान्ता जूपि.त, नइगु तिलय् मग्यनीपिंत, नयागु पचे मजूपिंत, प्वाःया आतापुतिया ल्वय् दुपिंत, स्यैंया ल्वय् आदि कथंया ल्वय् दुपिंत इलेक्ट्रोलाइट मगानाः ला थहां वइगु जुयाच्वनी। इलेक्ट्रोलाइट मगानाः प्रेसर म्हो जुलकि नं ला थहां वइ। अय् जुयाः यदि ला थहां वइपिं ल्वगितय्सं इलेक्ट्रोलाइट मगानाः ला थहां वःगु खःसा न्हिं छपुरी निपुरी जीवनजल लखय् तयाः त्वनाबिलकि सी दइ। ला थहां वःगु बुलुहुं लनावनी। छवाःति त्वना स्वयेमा :। जीवन जल न्हिं छपुरी निपुरी लखय् तयाः त्वनां म्हय् छुं नं मजिउगु असर लाइमखु। प्रेसर अप्वः पिंसं त्वंसां प्रेसर बढे जुइमखु। नापनापं खनिज पदार्थ अप्वः धइगु सिबाबुसा गथेकि केरा, धालय्, स्याउ इलय्ब्यलय् नयेगु यानाच्वनेमाः।

अथे हे ला थहां वइगु मेगु कारण खः लः मगाइगु। लापाँचय् लः मगातकि अन मुनीगु थी थी फोहर पिहां वने फइमखु। अले ला थहां वइ। आः छम्ह



Downloaded from http://www.dhamma.digital

मनुखं गुलि लः त्वनेमाः धयागु फरक फरक धारणा दु । अनेक तरिका न्यनातःगु दु । तर छम्ह वयश्क मनुखं चाहिँ चा-न्हि अर्थात नीप्यघौ दुने म्हतिं नं छगू लिटर अप्वः यानाः निगू लिटर तक पिसाब जुइमाः । यदि उलि पिसाब जुयाच्वन धाःसा लः त्वंगु गाः हानं लः धायेबलय् लः जक यात कायेगु मखु। लःया नापनापं मेमेगु झोल पदार्थयात नं लःया रूपय् कायेमाः । गथेकि चिया, बियर, जुस, कैं वा अनेक परिकारया ति नं लः हे खः । अय् जुयाः पिसाब म्हो जुल धाःसा लः मगात, पिसाब अप्वः जुल धाःसा लः अप्वल धका सिइकेमाः । तर चिनिया ल्वय् दुपिंसं अप्वः पिसाब याइ । पिसाबया ल्वय् दुपिंसं म्हो पिसाब याइ धइगु नं सिइकेमाः ।

अर्नलि हानं मेगु ला थहां वइगु कारण खः नसाया ल्वय् । नसा कमजोर जुयाः वनी । खास यानाः सँय्प्वाँय्, टेन्डन कमजोर जुलकि नं ला थहां वइ । भिटामिन बी १२, भिटामिन इं मगात कि नं ला थहां वइ । अथे हे प्रेसर ल्वगितय्त चिनिया ल्वगितय्त अले उकिया वासः नयाच्वंपिंत नं ल्वय्या कारणं वासः या कारणं नसा कमजोर जुइ । लापाँय् कमजोर जुइ । अले ला थहां वइ । अय्जुयाः अज्याःपिं ल्वगितय्सं ल्वय् या वासः नापनापं अज्याःगु भिटामिन नं बियातःगु दइ, दयेमाः यदि मदुसा थुपि भिटामिन न्यनेकने यानाः नयेमाः। भिटामिन नयाः स्यनी मखु । ला थहां वइगु चाहिं लनावनी । नापनापं वासः या लिउलिउ थज्याःगु भिटामिन दुगु पौष्टिक पदार्थ गथेकि मर्स्याबरां, काजु, पेस्टा न्हिं निगः प्यंगः नयेगु यानाच्वनकि नं ला थहां वइगु लनावनी । म्हय् भिटामिन पूर्ति जुयाच्वनी ।

आः सामान्य कथं धायेफुगु ला थहां वइगुया कारण थुपिं हे खः लापाँय्या अनेक ल्वय् दु । गुकिं यानाः ला थहां वइ, उकिया च्वयां थुइ नं मखु । च्वयां साध्य नं जुइमखु । थी थी कथंया जाँचबुझ यानाः निदान यायेमाः । निदान लिपा तिनि वासः यायेफइ ।

*साभार- 'नेपालभाषा टाइम्स्' २०७५ असार २२ शुक्रवाः*

■

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो**



*जन्म -*
१९९८/९/७

*दिवंगत -*
२०७५ कार्तिक २९

**दि. सुर्य देवी शाक्य**, नयाँ सडक

**धर्मकिर्ति पत्रिकाका विशेष सदस्य उपासिका सूर्यदेवी शाक्य ७७ वर्षको उमेरमा दिवंगत हुनुभयो । यस दुःखद घडीमा उहाँका परिवारले संसारको त्रिलक्षण स्वभावलाई बुझी धैर्य धारण गर्न सकुन् । दिवंगत उपासिकाको सुगति एवं निर्वाण कामना गरी पुण्यानुमोदन गरिएको छ ।**

**धर्मकीर्ति पत्रिका परिवार**
धर्मकीर्ति विहार श्रीघः



Downloaded from http://www.dhamma.digital

# गज्याःम्ह पासायात पत्याः यायेगु ?

✍ **सुनिता मानन्धर**

'नायुगु बचन ल्हानाः छ्वाःगु नुगः तया जुइपिसं अनेतने कथं पासा दयेका जुइ । अज्याः पिंत गबले विश्वास याये मते ।'

थुकथंया पासापिं छिगु न्ह्यःने । जिगु न्ह्यःने । अझ झी सकसिया न्ह्याःने दइ । इमिसं नाइक खँ ल्हाइ । उकिं अः पुक याउँक हे विश्वास नं याइ । तर सुनानं चाइ मखु । इमिगु नाइगु खँय् छ्वागु नुगः दइ । खयत ला थ्व छपू गाथा खः । थुगु गाथा थौंया मखु । जातक बाखनय् दुथ्याःगु छपु गाथा खः । जातक धायेवं झीसं सिउ । थ्व सछि निसः दँ न्ह्यःया जक खँ मखु । थ्व द्वलंद्वः दँ न्ह्यःया खँ खः । तथागत बुद्धया न्हापाया जन्मया खँ खः । वसपोल थीथी इलय् थीथी योनी जन्म कयाबिज्याःगु घटना खः । थुकथं ५५० योनी वसपोल जन्म कया बिज्याःगु खः । थुगु सकतां घटना जातकय् दुथ्याकातःगु दु । थुपिं मध्ये थुगु गाथा कुक्कट जातक (जातक ४४८) दुने दुथ्याःगु खः ।

छगू इलय् कौशाम्बी कोसम्बक जुजुं राज्य याना च्वन । उगु इलय् बोधिसत्व खाया योनीइ जन्म जुल । अबले पंया वनय् सलंसः खाया पुचः दु । इपिं सकलें जंगलय् वनाः च्वंवन । अनं भचा उखे इमा छम्ह नं दु । व अतिकं चलाख । नाइक खँ ल्हाये सः । वया खँय् सकसिनं विश्वास याः । उकिं व छम्ह छम्ह यायां खा नया यंकल । अन्त्यय् बोधिसत्व छम्ह जक ल्यन । व याकःचा जुल । वं थः बचे जुइकथं ज्याखँ यात । इलं लाः बलय् नसा मालाः नल ।

*क्रमशः*

# प्राचिन ऐतिहासिक बौद्ध स्मृतिहरू

✍ **न्हुछेरत्न बुद्धाचार्य**, भक्तपुर १०

काठमाडौ उपत्यकाको जलाशयको पानी निकास गरेर
मानव बस्ती बसाउने महामञ्जुश्री
सगरमाथाको देशका राष्ट्रिय विभूति गौतम बुद्ध जन्मेको
यो भूमण्डलको एक मनमोहक पवित्र भूमि लुम्बिनी

शाक्य बंशको ज्योति !
पहिलो गणतान्त्रिक राज्य कपिलवस्तु का महाराज शुद्धोदन
यो ज्ञान भूमिका एक बौद्ध आदर्श नारी
एसियाको ज्योति ! सिद्धार्थको जीवन संगिनी यशोधरा

गौतम बुद्धले उपत्यका आगमन गरेको वर्णन
किराँती राजा जितेदस्तीको शासन कालमा भएको ऐतिहासकि घटना
यो पुण्य भूमिमा बौद्ध स्तुपको प्रतिस्थापना गर्ने
भारतका एक प्रियदर्शी सम्राट अशोक

निरङकुश शासक अजातशत्रुको विरोध गर्ने
मगध गण राज्यका एक संघर्षशील नर्तकी आम्रपाली
रागद्वेष मोहले घेरिएर हिंसक भएका अंगुलिमाललाई
सम्यक सम्बुद्धको ज्ञानचक्षुले अहिंसामा परिणत गराएका एक प्रसिद्ध गाथा

जीवनको प्रत्येक पाइलामा संघर्ष गरेर
आफ्नो पति र सन्तानको सेवा गर्ने लगनशील नारी पटाचारा
तथागतलाई क्षीर भोजन दान दिएर
सम्यक ज्ञानको भोक जगाइदिने दयालु नारी सुजाता

महाज्ञानी अर्हतले ज्ञानको ज्योति प्रज्ज्वलित गरेर
बोधिज्ञान प्राप्त गरेको पुण्यभूमि वोध गया
यो अनित्य संसारमा प्रत्येक मानवको मृत्युवरण हुन्छ
महामानव शाक्यमुनी बुद्धले कुशीनगरमा
महापरिनिर्वाण प्राप्त गरेको अमर स्मृति



Downloaded from http://www.dhamma.digital

# Reason to establish Vinaya Sikkhapada for Buddhist Monks

## ( The code of monastic discipline )

✍ **Man Sant Maharjan** (Ven. Santa)
*B.A. (Hons). Sri Lanka, M.A. Nepal*

Term *Vinaya* means discipline. *Vinaya* has several meanings such as discipline, rule, regulation etc. In Buddhism, there is mention of Vinaya as a separate section of the Buddha's teaching. During the first twenty years of Sangha community, there was no rule and regulation for monks. The Buddha regulated his disciples by oral advice (*ovādadesan*ā) alone. As the number of monks increased, certain misdemeanors started to appear among them, which were harmful to the reputation of the Community. Thenceforth, the Buddha decided to establish rules and regulations (*sikkhāpada*) for monks called (*ānādesana)* to protect morality among his disciples.

The Buddha has discussed about the utmost importance of *Vinaya* in Pāli canon. According to the Māhā Parinibbāna Sutta of Digha Nikāya, Venerable Ananda asked to the Buddha about his successor who will inherit his fraternity and lead them. On that occasion, the Buddha told Ananda that both the Dhamma and Vinaya will be their guide and teacher and not an individual person. *"yovo, ānanda, mayādhammo ca vinayoca desitopaññatto, so vomamaccayenasatthā.")*[1] In the Cullavagga Pāli of the Vinaya Pitaka, Vinaya is shown as a lifeline of the Buddha's dispensation *("vinayo nāma sāsanassa āyu, vinayam thite dhamman thite hoti)"*.[2] In other words, failure to protect the rules and regulations of Pātimokkha and Ānapannatti will certainly be the end of Buddha-*sāsana.*

The Pārājikā Pāli mentions ten reasons to behest rules for monks, which will benefit both monks and longevity of Dhamma. *"Tena hi, bhikkhave, bhikkhūna sikkhāpada paññapessāmi. Dasa atthavase paicca saghasuhutāya, saghaphāsutāya, dummakūna puggalāna niggahāya, pesalāna bhikkhūna phāsuvihārāya, dihadhammikāna āsavāna savarāya, samparāyikāna āsavāna paighātāya, appasannāna pasādāya, pasannāna bhiyyobhāvāya, saddhammahitiyā, vinayānuggahāya. Evañca pana, bhikkhave, ima sikkhāpada uddiseyyātha."*[3] Additionally, Vinaya Samuccayamentions five and Samantapasādikā commentary of Vinaya Pitaka mentions four reasons to establish rules for Sangha community,
Rattaññumahattapattohoti,
Vepullamahattampattohoti,
Lābhaggapattohoti and
Bāhusaccamahattapattohoti.

According to Pāli literature, two types of Vinaya established by the Buddha:

1) Ovāda Desanā  2) Ānā Desanā

At the beginning of the Sangha community sikkhāpada-s were not enacted by the Buddha for monks and as mentioned earlier he regulated his disciples by oral advice alone. The term Ovāda means oral advice. Even after the chief disciple Venerable Sāriputta requested the Buddha to establish *Vinayasikkhapada* for the Sangha community, the Buddha declined his request. *"Āgamehi tva, sāriputta! Āgamehi*

1. Mahaparinibbana Sutta, Chattasangayana CD.
2. Ven. Gantureassaji himi, Shiksha Pragnapti for monks, p. 15.
3. Parajikapali, Chattasangayana CD.



Downloaded from http://www.dhamma.digital

*tva, sāriputta! Tathāgatova tattha kāla jānissati. Na tāva, sāriputta, satthā sāvakāna sikkhāpada paññapeti uddisati pātimokkha yāva na idhekacce āsavahānīyā dhammā saghe pātubhavanti.*"[4] (There will come an occasion to establish rules and regulation. Whenever *Sasavatthaniyadhamma* (worldly thoughts) arises within the Sangha members then I will establish rules and regulations for the disciples.) It is believed that until the twenty years of the Buddha's rain retreat, his disciples earnestly sought to achieve freedom and made an effort to walk on a moral path.

Ovāda Desanā or oral admonition, which is prescribed by the Buddha to administer his disciples is said to be given by all Buddha-s. In the Mahā Padāna Sutta, tradition of oral admonition delivered by the Vipassi Buddha for his disciples mentioned in this wise:

> "Khantīparamatapotitikkhā,
> Nibbānaparamavadantibuddhā;
> Na hi pabbajitoparūpaghātī,
> Na samaohotiparavihehayanto.
> 'Sabbapāpassaakaraa,
> kusalassaupasampadā;
> Sacittapariyodapana,
> etabuddhānasāsana.
> 'Anūpavādoanūpaghāto, pātimokkhe ca savaro;
> Mattaññutāca bhattasmi,
> pantañcasayanāsana;
> Adhicitte ca āyogo,
> etabuddhānasāsana'nti."[5]
> "Patient forbearance is the highest sacrifice,
> Supreme is Nibbana, so say the Buddhas.
> He's not one gone forth who hurts others
> No ascetic he who harms another.
> Not to do any evil, but cultivate the good,
> To purify one's mind, this the Buddhas teach.
> No insulting, not harming, restraint accordingto rules,
> Moderation in food, seclusion of dwelling,
> Devotion to high thinking, this the Buddha-s teach."[6]

*Ānā* means rule and regulation. As the popularity of Buddhist Sangha grew many people came to get ordained simply to enjoy material benefits provided by states and devotees. Since they were not sincere about their practice questionable behavior from the Sangha members started to increase. Consequently, certain types of people were prohibited from entering the order to prevent such fraudulent activities. They are mentioned below:

1. Person from another religious sect
2. Entry to obtain treatment from the royal doctor Jivaka
3. Soldier who wants to escape his duties
4. Person who wants to avoid punishment from the government
5. Person shamed and punished by the government
6. A servant
7. Indolent person
8. Who wants to avoid work
9. Who has done grave evil deeds"[7]

The Buddha did not want to formulate rules and regulations without any relevant cause so he waited until the time was right and that is until the appearance of *Āsavatthaniyadhamma* among disciples. Bhaddāli Sutta mentions five *Āsavatthaniyadhammas*, which are reasons

4. Parajika Pali, f. n. 3.
5. Mahapadana Sutta, Chattasangayana CD.
6. Maurice Walshe, The Long Discourses of the Buddha, p 219.
7. Ven. Nivandama Dharmakirti, Sangha Society in Buddha's time, pp. 38-39.



Downloaded from http://www.dhamma.digital

to establish rules and regulations (*Ānādesanā*).

"*Sagho mahatta patto hoti, atha idhekacce āsavahānīyā dhammā saghe pātubhavanti. atha satthā sāvakāna sikkhāpada paññāpeti tesayeva āsavahānīyāna dhammāna paighātāya. Na tāva, bhaddāli, idhekacce āsavahānīyā dhammā saghe pātubhavanti yāva na sagho lābhagga patto hoti, yasagga patto hoti, bāhusacca patto hoti, rattaññuta patto hoti.*"[8]

1. Passing of long lapse of time from the beginning of the order
2. largeness of the community
3. abundance of gains
4. growth of knowledge
5. development of fame"[9]

The ParājikāPaliof the VinayaPitakamentions four types of *ĀsavatthaniyaDhamma:*

1. Rattaññumahatta patto hoti
2. Vepullamahattam patto hoti
3. Lābhaggapattohoti
4. Bāhusaccamahattapattohoti"[10]

**Āsavatthaniya Dhamma**

As mentioned above, according to Vinaya Pitaka, there are four *Āsavatthaniyadhammas*, which became main reasons to establish rules and regulation. With the establishment of rules and regulations, punishments or penalties were also developed.

1. Rattaññumahattapattohoti
2. Vepullamahattampattohoti
3. Lābhaggaahattampattohoti
4. Bāhusaccamahattapattohoti

**Rattaññumahatta**

Rattaññu means passing of long lapse of time. After twenty years of Buddhahood a monk named Sudinna committed the first *pārājikā* offence. Samantapāsādikā commentary of Vinaya Pitaka mentions that Venerable Upasena, son of Vanganta Brahmin housewife was the reason for Rattaññu *Ā*savattaniyadhamma. The Mahāvagga Pāli mentions that once Venerable Upasena, son of Vanganta Brahmin housewife came to meet the Buddha during Vassāvāsa (rain season). At that time, the Buddha asked about their business and about Venerable Upasena's and his pupil's Vassavasa. Venerable Upasena replied he has fulfilled two Vassavasa and his pupil one. After hearing his reply the Buddha blamed Venerable Upasena saying he has done which is not suitable for a monk. He had given higher ordination to a pupil while he himself not being a competent teacher as he had only been ordained for two years. On that occasion the Buddha called his disciples and promulgated a rule stating no monk could make a pupil until the completion of ten rain seasons (vassāvāsa). Breaching of this rule incurred DukkataApatti. "Na bhikkhave, unadasavassen aupasampādetabbo. Yo upasampādeyya āpatti dukkatassa."[11]

**Vepullamahattam**

Vepullamahattam means growing in number. The Buddha pointed out the growth of Sangha members as a reason to engender Vinaya rules. Initially, the Buddha himself gave higher ordination to his disciples as there were only few. However, as folks interested in getting ordained under his leadership came pouring in it was only suitable for the Buddha to allow his senior and able disciples to ordain newcomers by themselves. No barriers of caste at that time meant anyone could get ordination

8. Bhaddaliya Sutta, MajhimaNikaya II, CSCD.
9. http://mettanandabhikkhu.blogspot.com.au/2011/03/emergence-of-disciplinary-rules.html, 2018/05/17.
10. Parajika Pali, f. n. 3.
11. Mahavagga Pali, BJTS, p. 128.



Downloaded from http://www.dhamma.digital

and the Sangha community grew large in a short period. Surprisingly, monks committed no major offence for the first two decades.

While the Buddha was dwelling at Kutagarasala in Vaisali, a group of monks went to spend three months rain season (Vassāvāsa) near Vamgamnda riverbank. Unfortunately, they faced famine there and could not obtain necessary meals to sustain their livelihood. Then these hungry monks having convened a meeting devised a cunning plan to lie about their spiritual attainments to laity of Vaisali. Some falsely claimed to have attained *Dutiyadyāna,* some *Tatiyadyāna, Caturtadyāna, Sotāpatti, Sakudāgāmi, Anāgāmi* and *Arahan*t. Telling these kinds of lies surely got them ample benefitsby devotees and they were able to spend rest of the rain period comfortably while the people of Vaisali suffered from famine.

As per custom, these monks went to meet the Buddha after the retreat and told everything including about their deception to him. After hearing their story the Buddha blamed them and having called in a meeting promulgated a rulesaying thata monk who boasts about his spiritual position which does not appear yet within him will incur Pācittiya. "Yo pana bhikkhu anupasannena uttarimanussadhamman āroceyya bhutasmin pācittiyanti".[12]

**Lābhaggaahattam**

Lābhagga means abundance of gains. Egalitarian and pragmatic teachings of the Buddha quickly spread across countries. Followers of Buddhism were both royals and commoners. Devotees started to shower monastics with all kinds of gifts. Thinking that monastics lead a comfortable life many people in need and from various religious sects started to enter the Sangha purely to enjoy material benefits. Vinaya Pitaka records various incidents where such people had caused numerous problems in the community. Thus, the Buddha was not wrong when he said that abundance of gains would be one of the reasons for the deterioration in monks' behavior.

The Buddha propounded about this aspect while he was dwelling at Mahavana Kutagarasala in Vaisali. At that time, monks gave leftover meals to beggars and other ascetics. Once, a monk gave leftover bowl of rice to one ascetic. Since the leftover food was enough for two person he gave half of it to his friend. When the other ascetic questioned and got to know about how he obtained such large amount of meals from a Buddhist monk, he blamed Buddhist monks for living in luxury. Knowing about this incident the Buddha ordered his disciples not to give rest of almost other religious ascetics and made the following rule: "one who gives rest of meals to ascetics will get Pacittiya Apatti." Yopana bhikkhu acelakassa va paribbajakassa va paribbajikaya va sahattha khadaniyam va bhojaniyam dadeyya pacittiyam'ti."[13]

**Bāhusaccamahattam**

Bāhusaccamahattam means growth of knowledge. Whenever Venerable Sariputta requested from the Buddha to establish *Vinayasikkhapada* for the disciples, the Buddha gave word to Venerable Sariputta that he will establish Vinayasikhāpada on suitable. At that time, the Buddha mentioned that growth of knowledge (Bāhusaccamahattam) would be one of the main reasons to promulgate rules for the monks. In Samantapāsādika commentary, Bāhusaccamahattam is mentioned as when someone learns Sutta Pitaka texts and explains the doctrine wrongly. It is mentioned

12. Pacittiya Pali, BJTS p. 94.
13. Ibid, p. 253.



Downloaded from http://www.dhamma.digital

there that whenever monks understand the Dhamma wrongly view and propound similarly then the Buddha requested monks Vinayasikkhāpada for the protection of Dhamma. "Bāhusaccamahattam patte pana yasmā ekampi nikāyam, dvepi… pe… pancapi nikāye uggahetva ayoniso ummujjamānā puggalā rasena rasam samsanditva uddhammam ubbinayam satthusāsanam dipenti."[14]

The Vinaya Pitaka points out Venerable Arittha's wrong view who was from an eagle hunter clan "Aritthassa nāma bhikkhuno gaddhapubbassa."[15] He had misunderstood the teachings of the Buddha "Pāpakam ditthigatam uppannam hoti."[16] He understood whatever the Buddha as imperil doctrine (Antarika Dhamma) delivered as wholesome. He obstinately held this opinion even after repeated attempts by his brothers to rectify his view. When this issue was taken to the Buddha, he called Venerable Arittha and clarified his perplexities on that doctrine. Moreover, the Buddha said to monks, he commands Sikkhapada based on ten benefits to continue long life of Sangha. *"Yo pana bhikkhu eva vadeyya – 'tathāha bhagavatā dhamma desita ājānāmi, yathā yeme antarāyikā dhammā vuttā bhagavatā, te paisevato nāla antarāyāyā'ti so bhikkhu bhikkhūhi evamassa vacanīyo – 'māyasmā eva avaca, mā bhagavanta abbhācikkhi, na hi sādhu bhagavato abbhakkhāna, na hi bhagavā eva vadeyya, anekapariyāyenāvuso, antarāyikā dhammā antarāyikā vuttā bhagavatā, alañca pana te paisevato antarāyāyā'ti. Evañca so bhikkhu bhikkhūhi vuccamāno tatheva paggaheyya, so bhikkhu bhikkhūhi yāvatatiya samanubhāsitabbo tassa painissaggāya. Yāvatatiyañce samanubhāsiyamāno ta painissajjeyya, icceta kusala, no ce painissajjeyya, pācittiya''nti."*[17] This Vinayasikkhāpada applies to both monk and nun (Bhikkhu, Bhikkhuni) disciples.

**Conclusion**

At the beginning of the Buddha's dispensation, oral advice alone sufficed to regulate disciples' moral behavior. His doctrinal teachings of morality, mental culture, and wisdom served as great incentives for early disciples, who were genuinely seeking to realize truth and attain enlightenment, to lead a noble life. What compelled the Buddha to promulgate rules and regulations seems to boil down to his increased number of disciples. Bigger crowd meant it was hard for the Buddha to look after everyone so eventually newcomers were careless with their doctrinal practices and social etiquettes.

It is recorded that it took twenty years for the Buddha to promulgate the first ever *vinaya*rule. The Buddha has discussed about ten reasons for doing so. In order to implement these rules, levels punishments were also gradually developed to suit the particular breach of rule. Now the importance of V*inaya* is so great that it is described a "life of Buddha *Sāsana*". ■

References:

1. Walshe, Maurice, *The Long Discourses of the Buddha* (trans), Wisdom Publication, Boston, USA, 1995.
2. Perera, Tenisan, *Niwan maga XII*, Government Press Department, Sri Lanka, 1986.
3. Nivandama, Dhammakirti, Ven. *Sangha Society in Buddha's time*, Sri Lanka, 1997.
4. Hewavitarne, Simon, *Samantapasadika*, H. N. S. printers, Colombo 10, Sri Lanka, 2016.
5. Ambalangoda, Dhammakusala, Ven. *Mahavagga Pali I* (Trans), BJTS, Colombo, Sri Lanka, 2009.
6. Induruwe, Uttarananda, Ven. *Pacittiya Pali I* (trans), BJTS, Colombo, Sri Lanka, 2009.
7. *Chattha Sangayana Tipitaka* CD Rom, Vipassana Research Institute, Igatpuri, India, 1995.
8. http://mettanandabhikkhu.blogspot.com.au/2011/03/emergence-of-disciplinary-rules.html, 2018/05/17.

14. Hewavitarne, Simon, Sumangalavilasini, p. 132.
15. Pacittiya Pali, f. n. 12, p. 358.
16. Ibid, p. 362.
17. Pacittiya, CSCD.



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति विहार

## गतिविधि

### धम्मपद–सहस्सवग्ग

*२०७५ आश्विन २७ गते, शनिवार*

*प्रवक्ता- देवकाजी शाक्य । प्रस्तुती- राज भाइ तुलाधर*

**सहस्समपि चे वाचा, अनत्थपदसंहिता ।**
**एकं अत्थपदं सेय्यो, यं सुत्वा उपसम्मति ॥**

अर्थहीन हजार शब्द बोल्नु भन्दा अर्थपूर्ण एउटा शब्द बोल्नु उत्तम् हुन्छ जसलाई सुनेर मनमा परम् शान्ति प्राप्त हुन्छ ।

एकजना मानिसले राजाको आज्ञा पालन गर्दै ५५ वर्ष सम्म अपराधीहरूलाई मृत्युदण्ड दिने काम गऱ्यो । पछि उसलाई मैले जीवनभर अकुशल कर्म गरें भनेर ठूलो पश्चाताप भयो । तर सारिपुत्र भन्तेले उसलाई सम्झाएर भन्नुभयो कि तिमीले आफ्नो इच्छाले कसैलाई मारेको होइन, राज आज्ञा मात्रै पालन गरेको हो, त्यसैले तिमीलाई त्यसको दोष लाग्दैन । सारिपुत्रबाट धर्मोपदेश सुन्दासुन्दै उ श्रोतपत्ति मार्ग नजीकै पुग्यो । त्यसको केही समयपछि उसको मृत्यु भयो । भगवानले उ तुषित देवलोकमा जन्मन गयो भनेको सुन्दा सवै भिक्षुहरू जीवनभर यस्तो खराब काम गर्ने व्यक्ति एक चोटी मात्रै धर्म उपदेश सुनेर कसरी तुषित देवलोकमा जन्मन सक्छ भनेर अचम्म भयो । तव भगवानले उनीहरूलाई भन्नुभयो, “उपदेश लामो हुँदैमा कुनै परिणाम आउँछ भन्नेछैन, अर्थपूर्ण एउटै शब्दले धेरै महत्वको फाइदा हुन सक्छ ।”

**सहस्समपि चे गाथा, अनत्थपदसंहिता ।**
**एकं गाथापदं सेय्यो, यं सुत्वा उपसम्मति ॥**

अर्थहीन हजार गाथा व्यक्त गर्नु भन्दा अर्थपूर्ण एउटै गाथा व्यक्त गर्नु श्रेष्ठ हुन्छ, जसलाई सुनेर मनमा परम् शान्ति प्राप्त हुन्छ ।

माथिको गाथा भगवान्ले वाहिय दारूचीरियको सम्बन्धमा भन्नु भएको थियो । महाजनहरूको एक समूह डुंगामा बसेर समुद्रबाट यात्रा गरीरहंदा अचानक डुंगा पल्टेर वाहिय एकजना बाहेक सबैको मृत्यु भयो । वाहियले समुद्रसंगैको बन्दरगाहामा पुगेर रूखको पात, स्याउला आदिले आफ्नो शरीर छोपेर भिक्षा लिएर आफ्नो जीविका गर्दै गरे । धेरैले उसलाई अर्हत भइसकेको सन्यासी ठाने र उसले पनि आफु अर्हत नै हुं भन्ठाने । तर पछि कसैले उसलाई तिमी अर्हत होइन, यदि हुन चाहन्छौ भने अहिले भगवान बुद्ध श्रावस्तीमा हुनुहुन्छ, त्यहाँ जाउ भने । वाहियले आफ्नो गल्ती महसुस गरेर एकछिन पनि खेर तफालि धेरै लामो यात्रा पूरा गरेर भगवान कहाँ पुगे । उसको थोरै मात्र आयु बाँकी भएको जानेर भगवान्ले उनलाई बाटोमै थोरै शब्दहरूमा उपदेश दिनुभयो । उपदेशपछि उ केही समयमै अर्हत हुन सफल भयो र एकछिन पछि उसको मृत्यु भयो । भगवानबाट उ अर्हत भइसकेको भन्ने सुनेर भिक्षुहरूले अचम्म माने कि यति थोरै उपदेश सुनेर यति छिटो अर्हत कसरी हुन सक्ला र ! तव भगवानले उनीहरूलाई राम्ररी संझाएर माथिको गाथा व्यक्त गर्नुभयो ।

**यो च गाथा सतं भासे, अनत्थपदसंहिता ।**
**एकं धम्मपदं सेय्यो, यं सुत्वा उपसम्मति ॥**

अर्थहीन सयवटा गाथा वाचन गर्नुभन्दा धम्मपद एउटा श्रेष्ठ हुन्छ जसलाई सुनेर मनमा परम शान्ति प्राप्त हुन्छ ।

भद्राकुण्डलकेसा एकजना धेरै धनी व्यक्तिको छोरी थिइन् । मृत्युदण्ड दिन लगी राखेको एकजना चोरलाई देखेर उसैसित विवाह गर्ने जिद्दी गरेपछि बाबुले बाध्य भएर विवाह गरीदिए । तर चोरलाई आफ्नो पत्नीसंग मतलब थिएन, तिनीको बहुमुल्य गहनाहरूसँग मात्रै मतलब थियो । त्यो सबै लिने उद्देश्यले उसले आफ्नी पत्नीलाई फकाइ सबै गहनाहरू लगाउन लगाएर पर्वतको टुप्पामा देउता पूजा गर्ने भनेर लगे । भद्राले आफ्नो पतिले आफूलाई मार्ने नियतले त्यहाँ ल्याएको थाहा पाएपछि अरू कुनै उपाय नभएकोले उसलाई नै पर्वतबाट खसालेर मारीदिए । त्यसपछि तिनीलाई घर फर्किन मन लागेन र परिव्राजिका बनीन् । पछि सारिपुत्र महास्थवीरसँग भेट भएपछि भिक्षुणी बनीन् र केही दिनमै अरहन्त भइन् । भिक्षुहरूले भगवान्सँग प्रश्न गरे- “अलिकति मात्रै धर्म सुनेर के भिक्षुणी कुण्डलकेसी अर्हन्त हुनसक्छ जसले परिव्राजिका हुनु भन्दा अगाडि आफ्नै पतिलाई पनि मारेकी थिइन् ।” जवाफमा भगवानले उनीहरूलाई माथिको गाथा भन्नुभयो । ■



Downloaded from http://www.dhamma.digital

## अंगुत्तर निकाय

*२०७५ कार्तिक १७ गते, शनिवार*

*प्रवचक- मदनरत्न मानन्धर*

*प्रस्तुति- उष्णीषतारा तुलाधर*

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको नियमित शनिवारीय कक्षामा गत कार्तिक १७ गते प्रवचक मदनरत्न मानन्धरज्यूले अंगुत्तर निकाय अन्तर्गत तिक निपातको रथकार वर्ग, सूत्र नं. ९को कक्षा लिनुभयो । वहाँले लिनुभएको कक्षाको केही प्रमुख कुराहरु यहाँ प्रस्तुत गरिएको छ :

**पठम पापणिक सुत्तं** (पहिलो पसले सूत्र)

पसलेसँग हुनुपर्ने तीन गुणहरू छन् –

१. पूर्वाण्ह समयमा सम्यक् रूपमा आफ्नो कारोवार गर्नुपर्छ ।
२. मध्यान्ह समयमा सम्यक् रूपमा आफ्नो कारोवार गर्नुपर्छ ।
३. सन्ध्या समयमा सम्यक् रूपमा आफ्नो कारोवार गर्नुपर्छ ।

जुन पसलेसित यी तीन गुणहरू छन् उसको धन वृद्धि हुन्छ तथा अप्राप्त धन प्राप्त हुन्छ । यदि पसलेसित यी तीन गुणहरू भएन भने उसको धन वृद्धि हुँदैन तथा अप्राप्त धन प्राप्त हुँदैन ।

यसरी नै भिक्षुसँग पनि तीन गुणहरू हुनुपर्छ –

१. पूर्वाण्ह समयमा सम्यक् रूपमा समाधिको अभ्यास गर्नुपर्छ ।
२. मध्यान्ह समयमा सम्यक् रूपमा समाधिको अभ्यास गर्नुपर्छ ।
३. सन्ध्या समयमा सम्यक् रूपमा समाधिको अभ्यास गर्नुपर्छ ।

जुन भिक्षुसित यी तीन गुणहरू छन् उसको अकुशल हटेर कुशल वृद्धि हुन्छ । यदि भिक्षु सित यी तीन गुणहरू भएन भने उसको अकुशल वृद्धि भएर कुशल नाश हुँदै जान्छ ।

हामीले ३ वटा द्वारहरू काय (शरीर), वची (वचन) र मनो (मन) मार्फत दुई किसिमका कर्महरू गर्छौं - आफू र अरूलाई पनि हित हुने कुशलकार्य र आफू र अरूलाई पनि अहित हुने अकुशल कार्य । यसरी ३ द्वारहरू मार्फत मानिसले कुशल तथा अकुशल कार्यहरू गरिरहन्छन् । ■

## विशुद्धि मार्ग

*२०७५ मंसिर १ गते, शनिवार*

*प्रवचक- त्रिरत्न मानन्धर*

*प्रस्तुति- उष्णीषतारा तुलाधर*

गत मंसिर १ गते, शनिवार धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको नियमित शनिवारीय कक्षामा प्रवचक त्रिरत्न मानन्धरज्यूले विशुद्धि मार्ग अन्तर्गत समाधि विषयमा कक्षा लिनुभयो । समाधि भनेको चित्तको एकाग्रता हो भन्नुभई पञ्च अभिज्ञाको विषयमा बताउनुभयो जसको प्रमुख कुराहरू निम्न प्रकार छन् –

समाधिबाट पाँच लौकिक ज्ञान प्राप्त हुन्छ जसलाई पञ्च अभिज्ञा भनिन्छ। ती हुन् - १. ऋद्धिविध २. दिव्यश्रोत ३. चेतोपर्य ज्ञान ४. पूर्वेनिवासानुस्मृति ज्ञान ५. च्यूतोत्पति ज्ञान । यी पाँच अभिज्ञाहरू विशुद्धि मार्गमा वर्णित छन् । मज्झिम निकाय अनुसार आश्रवक्षय ज्ञान एउटा थपी छ अभिज्ञा छन् । आश्रवक्षय ज्ञान लोकुत्तर अभिज्ञा हो । यो विपस्सनाको आनिशंस हो । पञ्च अभिज्ञा समथबाट प्राप्त हुन्छ र आश्रवक्षय ज्ञान विपस्सनाबाट प्राप्त हुन्छ ।

१. **ऋद्धिविध ज्ञान** – चित्तको एकाग्रता र कुशल कर्मको प्रभावबाट ऋद्धि प्राप्त हुन्छ। यो सामान्य मानिसले गर्न नसक्ने चमत्कार हो। जस्तै आकाशमा उड्ने, पानी माथि हिंड्ने जस्ता कार्यहरू ऋद्धि प्राप्त व्यक्तिहरूले गर्न सक्छन् ।

२. **दिव्यश्रोत ज्ञान** – धेरै टाढा र धेरै नजिकको शब्द सुन्न सक्ने ज्ञान दिव्यश्रोत ज्ञान हो। हाम्रो आँखाले पनि नभेट्ने धेरै टाढा ठाउँको शब्द सुन्न सकिन्छ। धेरै नजिक भन्नाले हाम्रो शरीर भित्र विभिन्न आवाज सहित function भैरहेको हुन्छ जुन साधारण मानिसले सुन्न सक्दैन यस्तो आवाज पनि सुन्न सक्ने हुन्छ।

३. **चेतोपर्य ज्ञान** – अरुको चित्तको कुरा थाहा पाउन सकिने ज्ञान चेतोपर्य ज्ञान हो। भगवान् बुद्धमा चेतोपर्य ज्ञान भएको कारण श्रोताको चित्तवृत्ति हेरी उसको क्षमता हेरी धर्मउपदेश दिनुहुन्थ्यो ।

४. **पूर्वेनिवासानुस्मृति ज्ञान** – पूर्व जन्मका कुराहरू सम्झेर आउने ज्ञानलाई पूर्वेनिवासानुस्मृति ज्ञान भनिन्छ।

५. **च्यूतोत्पति ज्ञान** – सत्वहरू उत्पति सँगै च्युति पनि हुन्छ । जुन ज्ञानले प्राणीहरूको उत्पति र च्युति



Downloaded from http://www.dhamma.digital

जान्न सकिन्छ त्यस्तो ज्ञान च्यूतोत्पति ज्ञान हो ।

भगवान् बुद्धले बुद्धत्व प्राप्ति सँगै तीनवटा ज्ञान प्राप्त गर्नुभएको थियो, ती हुन् –

१) पूर्वेनिवासानुस्मृति ज्ञान २) दिव्यचक्षु ज्ञान

३. **आश्रवक्षय ज्ञान** – आश्रव भन्नाले आसक्ति (Attachment) बुझिन्छ, यो क्लेश हो । आश्रवले हामीलाई कस्सिने गरी समातिराखेको हुन्छ। आश्रव चार किसिमका छन् –

१. **कामाश्रव** – पञ्च कामप्रति आसक्ति हुने, सधैं र माइलो वातावरणमा मात्र भुलिरहन मन गर्ने कामाश्रव हो ।

२. **भवाश्रव** – यस जन्ममा दुःख भयो भनेर राम्रो भवमा जन्म लिन पाउँ भनी भवप्रति आसक्ति भई कामना गर्ने भवाश्रव हो । देवलोक, ब्रह्मलोकमा जन्म लिन पाउँ भनेर आकांक्षा गर्ने भवाश्रव हो ।

३. **दिट्ठाश्रव** - आफ्नो दृष्टि, वाद, परम्परा, दर्शन आदि मात्र ठीक भनी सम्झेर अरूको कुरा नसुन्नु दिट्ठाश्रव हो ।

४.**अविद्याश्रव** – संसारको वास्तविकतालाई नबुझी अनभिज्ञ हुनु अविद्याश्रव हो । चतुआर्य सत्यबारे ज्ञान नहुनु अविद्या हो ।

यी चार आश्रवलाई हटाउनु आश्रवक्षय ज्ञान हो । अविद्यालाई क्षय गरेपछि आश्रव क्षय हुन्छ । आश्रवक्षय ज्ञानलाई बुद्धत्व प्राप्ति ज्ञान पनि भनिएको छ। यस ज्ञान प्राप्त नभएसम्म बुद्धत्व प्राप्त हुँदैन ।

# धर्मकीर्ति विहार संरक्षण कोषको पन्ध्रौ वार्षिक साधारण सभामा प्रस्तुत गरिएका प्रतिवेदनहरू

## धर्मकीर्ति विहारको शाखा विहारहरूको वार्षिक प्रतिवेदनहरू

*प्रस्तुती- अमृतमान ताम्राकार*

(१) **निर्वाण मूर्ति विहार किम्डोल स्वयम्भू–**
(**२०७४/७५ को प्रगतिप्रतिवेदन**)

वि.सं. २००० सालको सुरूवातसँगै विधिवत रूपमा नेपाल अधिराज्यको पहिलो थेरवादी बौद्ध भिक्षुणी विहारको रूपमा स्थापित निर्वाणमूर्ति किम्डोल (संस्थागत नाम निर्वाणमूर्ति उपासिकाराम किण्डोल) ले पार गरेका लामो आरोह अबरोह पश्चात् वि.सं.२०५१ बाट धर्मकीर्ति विहारको सम्बन्धन एवं संरक्षणमा सञ्चालन भईरहेको नेपालको ऐतिहासिक विहारबाट वि.सं. २०७४ श्रावण देखि २०७५ साल असार मसान्तमा हासिल गरेको अद्यावधिक प्रगति प्रतिवेदन–

**प्रगति संक्षेपमा :**

यस विहारको एकमुष्ठ प्रगतिएक हरफमा भन्नुपर्दा विहार पुनरनिर्माण पश्चात पहिलो पटक आएका अलि पाका उपासकहरूको Common Version भनेको "अहो कस्तो गजब, जीर्ण अवस्थाको विहार अहिले यस्तो राम्रो भैसकेको होला भन्ने कल्पना गरेको थिएन। तथागतको महापरिनिर्वाण मूर्ति बाहेकको पूरै संरचना अति सुन्दर शान्त एवंम् सुविधाजनक किसिमको परिवर्तन भैसकेको रहेछ" । अधिकांश नव आगन्तुकहरू यो अभिव्यक्ति २०६२ बाट सुरू भएको विहारको पुनर्निमाण पछि हासिल प्रगतिको द्योतक भन्दा अत्युक्ति नहोला । गत आर्थिक वर्षभरिमा विहारमा सम्पन्न विविध कार्यक्रम तथा प्रगतिको क्रमबद्ध सम्झनानुसार रहेको छ ।

१. विहारका संस्थापक श्रद्धेय धर्मचारी गुरूमांको सुखावति भुवन प्रस्थान गरेको पुण्य तिथीसँग मिलाई प्रत्येक महिनाको कृष्ण त्रयोदशीका दिन बिगत साढे दुई दशकदेखि सञ्चालन गरी आएको मासिक बुद्धपूजा तथा भोजनदान कार्यक्रम अविछिन्न रूपमा सम्पन्नभयो ।

२. विहारको वार्षिक कार्यसूचीका रहेका अन्य कार्यक्रमहरू मध्ये प्रत्येक महिनाको ७ गते आनन्दकुटि विहारका भिक्षुमहासंघलाई विहारमा निमन्त्रणा गरी गरीने संघदान, जेष्ठ पूर्णिमाको मध्यरातमा महासमय सुत्त पाठ, बालाचतुर्दशीका दिन दिन भरि मेत्त सुत पाठ,जलपान तथा भोजनदान आदि विहारको नियमित कार्यक्रम विगतमा झैं सम्पन्न भयो ।

३.पूजाको सिलसिलामा बिगत १२ वर्षदेखि पूज्य भिक्षुणी धम्मवती गुरूमांको शुभ जन्मोत्सवको उपलक्ष्यका



Downloaded from http://www.dhamma.digital

गुरूमांको सु-स्वास्थ्य एंवम् आयु आरोग्यको कामना गरी २०७५ श्रावण २४ देखि २६ सम्म ३ दिन लगातार पट्ठान पालिको पाठ, धर्मदेशना, ज्ञानमाला, भजन तथा जलपान भोजनदानको कार्यक्रम सम्पन्न गरीयो । नेपालमा दुर्लभ पट्ठान पालि श्रवण गर्न प्रत्येक दिन २०० देखि ३०० जना उपासक उपासिकाहरूको सहभागिता थियो ।

४. विहारबाट सम्पन्न बिशेष कार्यक्रमहरू मध्ये गत २०७४ भाद्र १० गते बुद्ध शासनको संरक्षण एवं चिर स्थायित्व "Our role for protection & promotion of buddha's teachings" विषय होटल हिमालयमा एक दिवशिय बिचार गोष्ठी सम्पन्न भयो ।

५. बुद्धशिक्षाको प्रचार प्रसार हेतु यस निर्वाणमूर्ति बौद्ध परियत्ति शिक्षा केन्द्रबाट २०७४ सालको परियत्ति परिक्षामा सामेल ३१ जना परिक्षार्थीहरू मध्ये २ जना बोर्डमा गरी उर्तिण सबै विद्यार्थीहरूलाई पुरस्कार सहित प्रमाण-पत्र प्रदान गरियो ।

६. विहारको गतिविधि र बुद्धशिक्षा प्रचार गर्ने उद्देश्यले यस आर्थिक वर्षदेखि सचिव अमृतमान ताम्राकारको संयोजकत्व र श्रीमती लोचनताराको तथा श्रीमती उष्णीषताराको सम्पादनमा चौमासिक बुलेटिन "निर्वाणमूर्ति बुलेटिन" को विधिबत प्रकाशन थालनी भयो ।

७. विगत वर्षहरू झैं २०७५ श्रावण महिनामा वा.सं. ५० वर्ष पुरा गरिसक्नु भएका श्रद्धेय महाथेरी गुरूमांहरू प्रति श्रद्धा सम्मान हेतु महाथेरी पूजा सम्पन्न भयो ।

८. वि.सं. २०६९ बाट प्रत्येक नयाँवर्षको सुरूवातमा पवित्र महापरित्राण पाठको आयोजना गर्ने क्रममा २०७५ सालको बैशाख २८ गत भिक्षु महासंघबाट महापरित्राण पाठ सम्पन्न गरीयो । ■

## चालु आ.व ०७५ /०७५ मा सम्पन्न केहि कार्यक्रमहरूको संक्षेप

आ.व को हिसावले यो प्रतिवेदनको वर्ष ०७५/०७५ नपरेको तर यस वर्ष सम्पन्न केहि महत्वपूर्ण कार्यहरू पनि संक्षेपमा पेश गर्दछु ।

क) विगत केहि वर्ष देखि सम्पन्न हुन नसकेको निर्वाणमूर्ति विहारको साधारण सभा यस वर्ष२०७५ श्रावण १९ गते सम्पन्न भई नयाँ कार्यसमितिको गठन एवम साविको विधान संसोधन प्रस्ताव स्वीकृति भयो ।

ख) गत २०७५ भाद्र १८ गते सेप्टेम्वर ३ २०१८ का दिन होटल हिमालयमा श्रद्धेय भिक्षुसंभ, लामा गुरू, माहामहिम राजदुतहरू एवम बौद्ध विद्वानहरू गरि करिव २०० जनाको सहभागितामा "One day international seminar one how to unify buddhits in 21st century" सम्पन्न भयो ।

ग) यस्तै चालु वर्षको विषेश कार्यक्रम अन्तरगत केहि अतिकठिन अवस्थामा रहेका थेरवादी बौद्ध विहारहरूको अवलोकन भ्रमण एवम सहयोग गर्ने योजना रहेको छ । ■

## पद्मकीर्ति विहारको बार्षिक प्रगति प्रतिवेदन : २०७५

गतवर्ष २०७४ को मंसीर १० गते विहारको संस्थापन दिवसको उपलक्ष्यका वार्षिक कार्यक्रम अर्न्तगत ज्ञानमाला भजन सहित विहार दाता परिवारहरू आमन्त्रण गरी पुण्य कार्य गरियो ।

यस विहारका संस्थापिका श्रद्धेय कमला गुरूमांको बार्षिक पुण्य तिथि पुष १६ गते श्रद्धेय भन्ते तथा गुरूमांहरूलाई भोजन दान सहित संघ दान गरी श्रद्धाञ्जली कार्यक्रम गरियो ।

दिवंगत कमला गुरूमांको पुण्य स्मृतिमा वीर्यवती गुरूमांद्वारा सम्पादित तीन सुत्र समूह धर्मकीर्ति विहारको प्रकाशनमा पद्मकीर्ति विहारले पुस्तक छापी धर्मदान कार्य सम्पन्न भयो । उक्त पुस्तकमा प्रकाशित तीन सुत्रहरू धम्मचक्कप्पवत्तन सूत्त, अनत्तलक्खण सूत्त, महासमय सूत्र पद्मकीर्ति विहार परिवारले तीन महिना पाठ गरी वर्षावास मनाइयो ।

२०७५ पद्मकीर्ति विहारको आयोजनामा कार्तिक १९ गते देखि २९ गते सम्म ११ दिने भ्रमण श्रीलंका धार्मिक तिर्थ यात्रा सु-सम्पन्न भयो ।

विहारको साविक कार्यक्रम अन्तर्गत विहारसंग सम्बन्धित देश विदेशका उपासक उपासिकाहरूका सुपुत्रीहरूलाई अस्थाई ऋषिणी प्रव्रज्या कार्यक्रम समय-समयमा भईरहेको छ ।

दिवंगत कमला गुरूमांको गुणानु स्मरण गरी विश्व



Downloaded from http://www.dhamma.digital

शान्ति विहारका श्रामणेर विद्यार्थी एक जनाको छात्रवृत्तिमा सहयोग पुऱ्याएको छ ।

भिक्षुणी संघको कोषको अभिवृद्धिको लागि २०७५ वैशाख २८ गते कमल पोखरी विहारबाट भिक्षाटन कार्यक्रम आयोजना गरियो । उक्त कार्यक्रममा ३० जना गुरूमांहरू सहभागि हुनुहुन्थ्यो । भिक्षाटनबाट प्राप्त रकम रू १५००००– भिक्षुणी संघको कोषलाई प्रदान गरियो ।

विहारका उपासक उपासिकाहरूलाई धार्मिक भ्रमणको सिलसिलामा काठमाडौं पश्चिम क्षेत्रमा रहेको बलम्बु विहार, मातातिर्थ विहार, थानकोट विहारहरूमा पूजा अर्चना गराई चन्दागिरी स्थलगत भ्मण गराएको थियो ।


विहारको नियमित दैनिक, साप्ताहिक, मासिक तथा बार्षिक भोजन दाता महिनाको हरेक पहिलो शनिवार ज्ञानमाला भजन, ध्यान, वुद्ध पूजा धर्मदेशना परित्राण पाठ आदि कार्यक्रमहरू निरन्तर संञ्चालन भइरहेको जानकारी गराउँछौं ।

दिवंगत कमला गुरूमांको निर्वाण कामना गरी बुद्ध विहार भृकुटी मण्डप पुनः निमार्ण कार्यमा रू. ५५०००।– आर्थिक सहयोग प्रदान गरियो ।

मिति २०७५ आश्विन ८ गते वर्षावासको येँया पुन्हिको उपलक्ष्यमा ज्ञानमाला भजन प्रस्तुती धर्मदेशना एवम् संघदान कार्य सम्पन्न भयो । सामाजिक मानविय सेवा सहयोगको रूपमा आफ्नो कलेजो प्रत्यारोपन गरी दान गर्ने सरिता महर्जनलाई सहयोग स्वरूप पद्मकीर्ति विहार परिवारबाट सामुहिक संकलन गरी नगद रू. ९३५००।– प्रदान गरी ।

यस पद्मकीर्ति विहारको २०७४ र २०७५ सालको बार्षिक प्रगति प्रतिवेदन तथा गतिविधि वारे जानकारी गराउन पाएको हार्दिक साधुवाद व्यक्त गर्दछु । श्रेद्धय धम्मवती गुरूमांको सु-स्वास्थ्य निरोगी तथा चीर आयु कामना गर्दै धर्मकीर्ति विहारको उत्तरोत्तर प्रगति कामना गर्दछु ।

भवदीय,
**अ. करूणावती गुरूमां**
पद्मकीर्ति विहार, कमल पोखरी



## धर्मकीर्ति वसुन्धरा विहार, धापासी २०७५ सालको प्रतिवेदन

१. प्रत्येक महिनाको तृतीया, तिथीको दिन बुद्धपूजा, धर्मदेशना र परित्राण पाठ ।
२. एक दिवसीय ध्यान शिविर संचालन
३. बाल ध्यान शिविर संचालन
४. गुंला धम्म देशना
५. परियत्ति शिक्षा अध्यापन
६. परियत्ति शिक्षामा उतीर्ण विद्यार्थीहरूलाई पुरस्कार प्रदान ।
७. धार्मिक स्थल भ्रमण (उपासक, उपासिकाहरूलाई)
८. भोजन तथा दान प्रदान कार्यक्रम (वृद्धाश्रम तथा विभिन्न विहारहरूमा)

## धर्मकीर्ति विहारको संरक्षण कोष अन्तरगतका इकाईहरूको वार्षिक प्रतिवेदन धर्मकीर्ति बौद्ध ज्ञानमाला भजनको वार्षिक प्रतिवेदन

### (२०७४ श्रावण – २०७५ आषाढ मसान्त)

भगवान बुद्धको सतउपदेशलाई संगीतको माध्यमबाट बुद्धधर्म प्रचार प्रसार गर्ने उद्देश्य अनुरूप धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन वि.सं. २०६३ साल देखि-निरन्तर रूपमा संचालन भइरहेको सर्वविदितै छ । पूज्य भिक्षुणी धम्मवती गुरूमांको अध्यक्षतामा संचालित यस भजन गुरूवर पन्नाकाजी शाक्य र अन्य गुरूको साथै कार्यकारणि सदस्यहरू र भजन खलःका सदस्यहरूको सक्रियतामा सञ्चालन भइरहेको यस ज्ञानमाला भजन बुद्ध धर्म सम्वन्धि विभिन्न कार्यक्रमहरूको निमन्त्रणामा भाग लिइरहेका थियौं, लिइरहेका छौं र भविष्यमा पनि अबिछिन्न रूपमा भइरहने छ ।

धर्मकीर्ति बौद्ध ज्ञानमाला भजनको गतिविधि यसरी रहेको छ –



Downloaded from http://www.dhamma.digital

| क्र.सं. | मिति | भजन संञ्चालन भएको उपलक्ष्य | स्थान | आम्दानी | खर्च |
|---|---|---|---|---|---|
| १. | २०७४-४-९ | धर्मकीर्ति विहार, गुंला धर्म प्रारम्भ एक महिना | धर्मकीर्ति विहार | | |
| २. | २०७४-४-१२ | अशोक भन्ते, स्वइच्छा | थानकोट | | उपहार १०००।– |
| ३. | ०७४-४-१९ | गुंलाधर्मको (लसताय्) उपलक्ष्यमा | पदमावती विहार यल | | उपहार, यातायात १७५०।- |
| ४. | ०७५-४-२८ | गुंलाधर्मको (लसताय्) उपलक्ष्यमा | मुसुंबहा, लगन | | उपहार, यातायात १७५०।- |
| ५.<br>६. | ०७४-४-२१<br>०७४-५-१३ | तासी गुरूको निमन्त्रणामा मासिक बुद्ध पूजा, निलशोभा तुलाधर धर्मकीर्ति ज्ञानमाला भजन म्ये मुना किताव तेस्रो संस्करको विमोचन गर्नु हुने धम्मवती गुरूमां, कोण्डन्य, भन्ते,<br>सताब्दी पुरूष सत्यमोहन जोशी | इचंगु गुम्बा<br>जमः वहा | ५०००।– | |
| ७. | ०७४-५-३१ | पंचनारायण र चन्ता लक्ष्मी महर्जनको निमन्त्रणामा भजन प्रस्तुत साथै कोषाध्यक्ष श्याममान वज्राचार्य वाट चैत्य उहाँहरूलाई दिनुभएको थियो । | कुलेश्वर | ५०००।- | उपहार, यातायात यातायात २८००।- |
| ८. | २०७४-६-३ | भजनका कार्यकारणी सदस्य रीता महर्जनको ससुराको निधनमा संवेदना गएको | बागबजार | | ७९०।- |
| ९. | २०७४-६-१५ | जयवती गुरूमांको प्रव्रज्या दिनको उपलक्ष्यमा भजन प्रस्तुत | हात्तीवन | २०००।- | उपहार र यातायात ४,५००।- |
| १०. | ०७४-६-१२ | मासिक बुद्ध पूजा | जमः बहाल | | उपहार १०००।– |
| ११. | ०७४-६-३१ | भजन सदस्य चिनिमाया वज्राचार्य महान कथिनको उपलक्ष्यमा भजन प्रस्तुत र कोषाध्यक्ष श्याममानवाट वहाँलाई चैत्य प्रदान | बुद्ध विहार | ५,०००।- | उपहार र यातायात १,५५०।- |
| १२. | ०७४-७-११ | मासिक बुद्ध पूजा | जमः बहाल | | |

- **“शरीर, वचन र मन संयम गरी, तृष्णाको मूललाई नष्ट गरी, अहिले म शान्त भई निर्वाणलाई लाभ गरें ।”** *- उत्तरा थेरी*
- **“मैले अनेक दुःख धर्मलाई जानेर अप्रमादमा लीन भएर बसें । तृष्णालाई क्षय गरी उत्पन्न नहुने बनाएँ र बुद्धशासनलाई पूर्ण गरें ।”** *- अभया थेरी*



Downloaded from http://www.dhamma.digital

| | | | | | |
|---|---|---|---|---|---|
| १३. | ०७४-७-२५ | धर्मकीर्ति ज्ञानमाला भजनको नेतृत्वमा भजन प्रस्तुत ८० जनाले भाग लिएको उक्त मञ्जुश्री पुजामा चन्दा दिएर सहयोग गर्नेहरूमा –<br>भजन कोष- १०,०००।-<br>श्यामान वज्राचार्य- १०,०००।–<br>चन्द्रमान डंगोल - १०,०००।-<br>हरिमान रंजीत– ५०००।-<br>विरेन्द्र भक्त श्रेष्ठ - १,०००।-<br>सदस्य – ८,०००।–<br>उपहार प्रायोजीत-<br>श्याममान वज्राचार्य, बुद्धरत्न कसाः, प्रेम लक्ष्मी तुलाधर हो । | स्वयम्भू मञ्जुश्री स्थान | | ४४,०००।-<br>खाना र विविध |
| १४. | ०७५-८-१० | मासिक बुद्ध पूजा,<br>दाता सुवर्ण केशरी चित्रकार | जमःबहाल | ५०००।- | १०००।- |
| १५. | ०७४-९-११ | मासिक बुद्ध पूजा मैत्री बोधि सत्व विहार जमल-बुद्ध पूजा र ज्ञानमाला भजन निरन्तर रूपमा संचालन भएको उपलक्ष्यमा अध्यक्ष श्याममान वज्राचार्य वाट केशावती गुरूमां, कुसुम गुरूमां वीर्यवती गुरूमांहरू र ध.बौ.ज्ञा. भ का २४ जना सदस्यहरू विभिन्न आर्थिक र अरू सहयोग गर्ने व्यक्तिहरूलाई पनि मैत्री बोधिसत्व मूर्ति दिएर सम्मान गर्नु भएको थियो | जमल | ३०००।- | |
| १६. | ०७४-९-२० | नवौं राष्ट्रिय ज्ञानमाला सम्मेलन चावहिल चारूमति विहारमा भाग लिएको | चाबहिल | | ३,२००।–<br>यातायात |
| १७. | ०७४-१०-११ | मासिक बुद्ध पूजा | जमल | | ५००।- |
| १८. | ०७४-१०-२० | महापरित्राण पाठको उपलक्ष्यमा माणीक लक्ष्मी तुलाधरको निमन्त्रणामा भजन प्रस्तुत गर्नुको साथै चैत्य भजनको लोगो उपाध्यक्ष श्याममान वज्राचार्यले प्रदान गर्नु भएको थियो । | ताचल | ५०००।- | १५००।-<br>यातायात |



Downloaded from http://www.dhamma.digital

| | | | | | |
|---|---|---|---|---|---|
| १९. | ०७४-११-७ | कुमार भन्ते र सुमंगल भन्तेको पूण्य तिथिमा विहार प्रमुख कोण्डन्य भन्तेको निमन्त्रणमा भजन प्रस्तुत । | बुद्ध विहार | ५५५५।- | १,१००।-यातायात |
| २०. | ०७४-११-११ | मासिक बुद्ध पूजा | जम वहाल | | |
| २१. | ०७४-१२-११ | मासिक बुद्ध पूजा | जम वहाल | २०००।- | ५००।- |
| | | जलपान दाता पूर्णहिरा पुचः रूपलक्ष्मी तुलाधर मखन अनारलक्ष्मी तुलाधर ज्याठा | | ५००।-<br>२०००।- | |
| २२. | ०७५-१-२९ | महापरित्राण पाठको उपलक्षयमा भजन प्रस्तुत । | किण्डोल विहार | ५००।- | १५००।- |
| २३. | ०७५-२-७ | मासिक बुद्ध पूजा, जलपानदाता लक्ष्मी नानी ङत पुचः | ज्मबहाल | २,००।- | ५००।- |

## *समाचार*

### २२८० औं शस्त्र परित्याग दिवस

*नगदेश बुद्ध विहार–*

नगदेश बौद्ध समूहको आयोजनामा ने.सं. ११३८ कौलाथ्व - १०, विजया दशमीको दिन सम्राट अशोकद्वारा अस्त्र शस्त्र परित्याग गरी निःशस्त्रीकरण अभियान शुरूवात गर्नुभएको संस्मरणमा २२८० औं शस्त्र परित्याग दिवस मनाइएको समाचार छ । प्राप्त समाचार अनुसार नगदेश बुद्ध विहारमा वर्षावास अधिस्थान गर्नुभएको थाई भिक्षु खनङबाट पञ्चशील प्रार्थना गराउनुभई शुरू गरिएको उक्त कार्यक्रम नगदेश बौद्ध समूहका अध्यक्ष उपासक दीपकराज साँपाल ज्यूको अध्यक्षतामा संचालन गरिएको थियो । समूहका सचिव कृष्ण कुमार प्रजापतिले स्वागत मन्तव्य व्यक्त गर्नुहुँदै सम्राट अशोकले बुद्ध शिक्षालाई अन्तराष्ट्रियकरण गर्नको लागि पुऱ्याउनु भएको योगदान, धार्मिक, सामाजिक, साँस्कृतिक क्षेत्रमा पुऱ्याउनु भएको उल्लेखनिय योगदान विषयमा चर्चा गर्नु भएको थियो । यसरी नै सम्राट अशोकका पुत्र भिक्षु महेन्द्र महास्थविर मित्र राष्ट्र श्रीलंकामा जानुभई धर्मप्रचार गर्नुभएको परिणाम स्वरूप श्रीलंका बौद्ध मुलुक हुन पुगेको विषयमा पनि चर्चा गर्नुभएको थियो । सभाको अन्त्यमा सभापति ज्यूले धन्यवाद मन्तव्य व्यक्त गरी पूण्यानुमोदनका साथ सभा अन्त्य गरिएको थियो । ■

### नरः बुद्ध विहारको भवन निर्माणका लागि रू. २० लाख रूपैयाँ चन्दा

आफ्नो श्रीमती जानकी देवी श्रेष्ठ ७८ वर्षको उमेरमा मिति २०७३ चैत्र ६ गते शुक्रवार दिवंगत हुनु भएको र उहाँको पुण्यस्मृति र निर्वाणको कामना गर्दै का.म.पा. वडा नं. ४ वालुवाटार बस्ने उपासक आदरणिय मित्र श्री रामेश्वर प्रकाश श्रेष्ठले नरः बुद्ध विहार भवनको दोश्रो तल्लाको लगभग २५०० स्क्वा.फिटको छट ढलानको लागि चाहिने सम्पूर्ण खर्च रू. २०,००,०००।- (अक्षेरिपी रू. बीस लाख मात्र) चन्दा प्रदान गरेको समाचार छ । प्राप्त समाचार अनुसार सो अनुरूप नरः बुद्ध विहार, रामेश्वर प्रकाश श्रेष्ठ र ठेकेदार कोरोना कन्सट्रक्सनका प्रोप्राइटर राजु सिंह समेतको त्रिपक्षिय सम्झौता बमोजिम सम्झौता भएको २० दिन भित्रै मिति २०७५ साल असोज २६ गते शुक्रवार ढलान कार्य सम्पन्न भयो । ढलान कार्य बिहान ७.०० शुरू हुनु अघि बौद्ध परम्परा अनुसार श्रद्धेय भिक्षु पञ्ञामूर्ति महास्थविर समेत भिक्षुहरूबाट परम्परा पवित्र परित्राण पाठ गरिएको थियो । बुद्ध शासनलाई टेवा दिन यस प्रकार अपूर्व दान दिने दाता श्री रामेश्वर प्रकाश श्रेष्ठलाई नरः बुद्ध विहार परिवारले साधुवाद प्रदान गरिएको छ । ■



Downloaded from http://www.dhamma.digital

*क्रमश:*

**तीनवटा देशका भन्ते गुरूमांहरूको तर्फबाट महापरित्राण पाठ सम्पन्न**



*दि. श्रद्धेय रत्नमञ्जरी गुरुमां*

कार्यक्रममा दि. रत्नमञ्जरी गुरूमांको पुण्य स्मृतिमा रत्नमञ्जरी गुरूमां पुण्यस्मृति कोषबाट महापरित्राण पाठ गर्नुहुने सबै भन्ते गुरूमांहरूलाई दान प्रदान गरिएको थियो । यसको साथै कार्यक्रममा उपस्थित सबै उपासकोपासिकाहरूले पनि यथा श्रद्धा दान गर्नु भएका थिए ।

कार्यक्रम समापन पश्चात् श्रद्धेय दि. रत्न मञ्जरी गुरूमांको सुगति एवं निर्वाण कामना गरी पुण्यानुमोदन गरिएको थियो ।

महारित्राण पाठ गर्नुहुने भन्ते गुरूमांहरूको नाम र महापरित्राण पाठको संक्षिप्त विवरण यसरी रहेको छ –

| क्र.सं. | पाठ | पाठ गर्नुहुने भन्ते गुरूमांहरू |
|---|---|---|
| १. | सामूहिक पाठ | वर्मा, थाइलैण्ड र नेपालका भन्ते गुरूमांहरूको तर्फबाट सामूहिक पाठ |
| २. | सरणागमन-मेत्त सुत्त | केशावती, मेत्तावती (गुरूमांहरू) |
| ३. | खन्ध सुत्त– धजग्ग सुत्त | चमेली, अनुपमा (गुरूमाहरू) |
| ४. | महाकस्सपतथेर बोज्झङ सुत्त | कुसुम, इन्दावती (गुरूमाहरू) |
| ५. | गिरिमानन्द सुत्त-इसिगिली सुत्त | नन्दावती, प्रीतिवती (गुरूमाहरू) |
| ६. | धम्मचक्कप्पवत्तन सुत्त | भिक्षु मित्र, भिक्षु खनङ्ग (थाई भन्तेहरू) |
| ७. | महासमय सुत्त | दो तिक्खावती, मा तुकेति (वर्मी गुरूमांहरू) |
| ८. | आलवक सुत्त, कशि भारद्वाज सुत्त | वीर्यवती, सुमना (गुरूमांहरू) |
| ९. | पराभव सुत्त–वसल सुत्त | त्यागवती, जयवती (गुरूमांहरू) |
| १०. | सच्चविभंग सुत्त | खेमावती, श्रद्धावती (गुरूमांहरू) |
| ११. | आटानाटीय सुत्त (क) | पञ्ञावती, दानवती (गुरूमांहरू) |
| १२. | आटानाटीय सुत्त (ख) | करूणावती, ध्यानवती, वण्णवती र सुवण्णवती (गुरूमांहरू) |
| १३. | सामूहिक पाठ | सबै भन्ते गुरूमांहरूबाट सामूहिक पाठ |

- **"मेरो चित्त सुसमाहित छ, मसँग अहिले ज्ञान छ । सम्यक धर्मलाई राम्रोसँग दर्शन गरें । स्त्रीभाव भएर के भो र !"  – *सोमा थेरी***



Downloaded from http://www.dhamma.digital

धर्म प्रचार — समाचार

## बुद्ध मूर्ति उद्घाटन

*२०७५ साल आश्विन ३ गते,*
*सिन्धुपाल्चोक, बलेफी, जलबीर बजार*
*स्थान- नागरिक भवन प्रांगण ।*

यसदिन श्रद्धेय भिक्षु गुणघोष महास्थविरबाट बुद्धमूर्ति उद्घाटन गर्नुभएको समाचार छ । प्राप्त समाचार अनुसार सिन्धुपाल्चोक जिल्ला बलेफी गाउँ पालिका वडा नं १ अन्तरगत जलबीर वजारमा स्थापना गरिएको उक्त बुद्ध मूर्ति स्थापनार्थ २०७५ साल असार ३० गते ९५ वर्षिय संपरलालकसजु श्रेष्ठ बाट शिलान्यास भएको थियो । बुद्ध मूर्ति निर्माणार्थ २२ जना कार्यकारिणी सदस्यहरूको कार्य समिटी गठन गरी कार्यक्रम संचालन गरिएको थियो । उद्घाटन कार्यक्रममा दीपङ्कर ज्ञानमाला भजनबाट भजन प्रस्तुत गरिएको थियो । ■

## शस्त्र परित्याग दिवस

*२२७५ कार्तिक २ गते, शुक्रबार*
*स्थान- गणमहाविहार ।*

सम्राट अशोकद्वारा शस्त्र अस्त्र परित्याग गरी निशस्त्रीकरण अभियानको घोषणा गर्नुभएको दिन आश्विन शुक्ल दशमी एवं विजया दशमीको दिनलाई स्मरण गरी प्राणी हिंसा नगर्ने र नगराउने जन चेतना जगाउने लक्ष लिई थेरवाद बौद्ध दायक केन्द्रिय परिषद र गण महाविहारको संयुक्त आयोजनामा २२८० औं शस्त्र परित्याग दिवस मनाइएको समाचार यस पत्रिकाको गत अंकमा पनि संक्षिप्त रूपमा प्रस्तुत भइसकेको छ । यस अंकमा उक्त समाचार केही विस्तृत रूपमा उल्लेख गर्न खोजिएको छ ।

स्मरणिय रहोस् थेरवाद बौद्ध दायक केन्द्रिय परिषदको आयोजनामा यस कार्यक्रम विभिन्न गाउँ गाउँमा मनाउँदै आएको २५ वर्ष भइसकेको कारणले यसपाली यस परिषदले रजत जयन्तीको रूपमा पनि यस कार्यक्रम संचालन गरिएको थियो ।

पञ्चशील प्रार्थना पश्चात । परिषदका सचिव विष्णु शाक्यले स्वागत मन्तव्य व्यक्त गरिएको उक्त कार्यक्रम उपाध्यक्ष कृष्णकुमार प्रजापतिले संचालन गर्नुभएको थियो ।

भिक्षु कौण्डञ्ञ र भिक्षु शोभितको प्रमुख अतिथित्वमा संचालित उक्त कार्यक्रममा संघनायक भिक्षु अश्वघोष महास्थविरको शुभकामना सन्देश भिक्षु राहुल महास्थविरले पढेर सुनाउनु भएको थियो । कार्यक्रममा प्रा. बालकृष्ण श्रेष्ठ, सोच संस्थाका Country Director उत्तर निरौला ऊँ शान्ति बह्मकुमारिका प्रवक्ता श्री नवराज घिमिरे, विकेश श्रेष्ठ, भिक्षुणी वीर्यवती, प्राचार्य लामा गुरु पेरिस, प्रमुख अतिथि भिक्षु कौण्डञ्ञ आदिले आ-आफ्नो मन्तव्य व्यक्त गर्नुहुँदै सम्राट अशोकको निशस्त्रीकरण अभियानको आदर्श लिई देवदेवीको नाममा भइरहेको पशुवलीलाई हटाउनुपर्ने विषयका जोडदिनु भएका थिए । साथै यस्तो कार्यक्रम समय समयमा संचालन गर्दै रहनुपर्ने विषयमा पनि चर्चा गरिएको थियो ।

सभापतिको आसनबाट आफ्नो मन्तव्य व्यक्त गर्नुहुँदै परिषदमा अध्यक्ष बखत बहादुर चित्रकारले सम्राट अशोकले बुद्ध जन्मभूमी नेपालको लुम्बिनी भएको प्रमाण प्रस्तुत गर्दै लुम्बिनीमा स्तम्भ खडा गरेर जानु भएको कारणले आजसम्म बुद्ध जन्मभूमी नेपालको लुम्बिनी भएको सत्यतालाई कसैले नकार्ने सक्दैन ।

यो सम्राट अशोकको ठूलो देन भएको प्रष्ट गरिन्छ । यसरी नै सम्राट अशोकले शस्त्र परित्याग गरी हत्या हिंसा त्याग्नुपर्ने शिक्षा दिएर जानु भएको छ । यस शिक्षालाई मननगर्दै पशुवलि रोक्नको लागी परिषदले सम्बन्धित विभिन्न निकायहरूमा पशुबली विरूद्ध निवेदन पेश गरिसकेको विषयमा चर्चा गर्नुभएको थियो । ■

## बनेपा ध्यानकुटी विहार तथा मेत्ता सेन्टर (मैत्री केन्द्र) को लागि सहयोग

१) बुद्धकाजी शाक्य, बनेपा, (ध्यानकुटी विहार आ.स.) रु. २००५/-
२) नानी मैंया गुरुङ्ग, जोरपाटी रु. १००५/-
३) तुयू लक्ष्मी, अशोक रत्न शाक्य परिवार बनेपाबाट खाद्यान्न प्रदान ।
४) प्रेमज्योती शाक्य, बनेपा रु. ५००/-
५) राकेश शाक्य, बनेपा रु. ५००/-



Downloaded from http://www.dhamma.digital

# बुद्ध जन्मस्थल नेपालको लुम्बिनीमा प्रथम पटक अन्तर्राष्ट्रिय त्रिपिटक वाचन कार्यक्रम सम्पन्न



त्रिपिटक पाठ गर्नुहुँदै नेपाली भिक्षुसंघ

*२०७५ साल कार्तिक २८–३०*
*स्थान- लुम्बिनी मायादेवी मन्दिर*

भगवान् बुद्धको जन्मभूमी नेपालको लुम्बिनीमा अन्तर्राष्ट्रिय स्तरमा प्रथम पटकको त्रिपिटक वाचन कार्यक्रम सम्पन्न गरिएको समाचार प्राप्त भएको छ। थेरवाद र महायानको सहभागीतामा उक्त तीनदिने त्रिपिटक पाठ कार्यक्रम लुम्बिनी विकास कोषको संयोजकत्वमा अखिल नेपाल भिक्षु महासंघ र राजकिय थाई विहार लुम्बिनीको आयोजनामा र लुम्बिनीस्थित विभिन्न देशहरूबाट निर्मित विहारहरूको सहकार्यमा सञ्चालित भएको कुरा बुझिएको छ। यस कार्यक्रममा विश्वका १८ वटा देशहरूबाट करीब हजारौं संख्याका बौद्ध अनुयायीहरू सहभागी भएको कुरा प्राप्त समाचारमा जनाइएको छ।

प्राप्त समाचार अनुसार त्रिपिटक वाचनको प्रथम दिन कार्तिक २८ गते थाइल्याण्डका भिक्षु धम्मबोधीले नेतृत्व गर्नुभएको थियो। विभिन्न देशहरूबाट आउनुभएका करीब ३०० जना भिक्षु भिक्षुणीहरूले सहभागिता जनाउनुभएको उक्त ऐतिहासिक कार्यक्रममा नेपाली तथा विदेशी उपासकोपासिकाहरू सयौंको संख्यामा सहभागी हुनुभएका थिए।

थाई राजदूत, भिक्षु महासंघका अध्यक्ष भिक्षु मैत्री तथा लुम्बिनी विकास कोषका उपाध्यक्ष मेत्तेय लगायतका विशिष्ट पाहुनाहरूले संयुक्त रूपमा उद्घाटन गर्नुभएको उक्त कार्यक्रममा भिक्षु महासंघका महासचिव भिक्षु कोण्डञ्ञले कार्यक्रममा सहभागी हुनुभएका स्वदेशी तथा विदेशी सहभागीहरूलाई स्वागत गर्ने क्रममा बुद्ध धर्ममा त्रिपिटकको महत्त्व प्रस्तुत गर्नुहुँदै यस त्रिपिटक पाठको आयोजनाले लुम्बिनीको महत्त्व संसारका सबै बौद्ध देशहरूमा फैलिने विश्वास व्यक्त गर्नुभएको थियो।

कार्यक्रमको सुरुवाट शान्तिदीपबाट पवित्र उद्यानस्थित मायादेवी मन्दिरको प्राङ्गणसम्म शान्ति शोभायात्राबाट सुरु भएको थियो। उक्त यात्रामा नेपाल र विदेशबाट आउनुभएका सयौं भन्ते गुरुमांहरू, लामा र आनीहरू लगायत उपासक उपासिकाहरूले भाग लिनुभएका थिए।

कार्तिक २८ गतेदेखि ३० गतेसम्म लुम्बिनीस्थित मायादेवी मन्दिर परिसरमा सञ्चालित यस कार्यक्रममा बुद्ध वचन सङ्ग्रहित त्रिपिटक अन्तरगत सुत्त पिटक, अभिधम्म पिटक र विनय पिटक वाचन गरिएको थियो भने महासमय सुत्त र वेस्सन्तर जातक पनि वाचन गरिएको कुरा जानकारीमा आएको छ।

स्मरणिय रहोस् भगवान् बुद्धको जन्मस्थल लुम्बिनी भए पनि हालसम्म यस प्रकारको कार्यक्रम यस पवित्र स्थलमा सञ्चालन भएको थिएन। तर भगवान् बुद्धले बोधिज्ञान प्राप्त गर्नुभएको बुद्धगयामा विगत १५ वर्ष अगाडि देखि नै त्रिपिटक वाचन कार्यक्रम सञ्चालन हुँदै आइरहेको बुझिएको छ।

कार्यक्रमको सुरुवातसंगै लुम्बिनीमा यस्ता आध्यात्मिक कार्यक्रमहरू निरन्तर हुनुपर्ने र यस अमूल्य त्रिपिटक वाचन कार्यक्रम प्रत्येक वर्ष विशेष कार्यक्रमको रूपमा आयोजना गरिनु पर्ने आवाज उठ्न थालेको कुरा सुन्नमा आएको छ। किनभने यसप्रकारको कार्यक्रमले लुम्बिनीको पर्यटन प्रवर्द्धनमा विकास पुऱ्याउने निश्चित छ। लुम्बिनी विकास कोषले यस विषयमा के निर्णय लिनेछ हेर्न बाँकी नै छ।

Downloaded from http://www.dhamma.digital

*आवरण चित्र परिचय*

# मिथ्या अरहन्त

*लेखक*- **कल्याण मित्र सत्यनारायण गोयन्का**
*अनुवाद*- **वीर्यवती**

काल नागको घटना पछि एक एक गर्दै १४ वटा विभिन्न अवसरहरूबाट भगवानबुद्धले धर्मबलको विस्मयजनक परिचय दिनुभयो। तैपनि उरूवेल कस्सप भगवान् बुद्धबाट प्रभावित हुन सकेन। हरेक घटना पश्चात् उनले यसरी भन्ने गर्थे–

"महाश्रमण तेजस्वी छन्, दिव्यशक्ति सम्पन्न पनि छन्। तर उ म जस्तै अरहन्त हुन सकेका छैनन्। आश्रव मुक्त छैनन्।"

उसको मनमा लुकेर बसेका प्रवल अहंकारको कारणले उसले भगवान बुद्धको सत्यलाई स्वीकार गर्न अनकनाइरहेको थियो। परन्तु अन्त्यमा उसले आफू आश्रवमुक्त अरहन्त नभएको तर भगवान् बुद्ध आश्रव मुक्त क्षीणाश्रव अरहन्त भइसकेको विषयलाई स्विकार्‍यो। त्यसैले उसले पनि विनीतभावले युक्त हुँदै भगवान् बुद्धबाट धर्म सिक्यो र सत्य रूपले क्षीणा श्रव अरहन्त हुन सफल भए। उसको ५०० जना शिष्यहरूले पनि धर्म सिकी यसरी नै लाभान्वित भए। यसरी भगवान बुद्धको कल्याणकारी शिक्षाले ५०१ जना जटाधारी कर्मकाण्डी सन्यासीहरू श्रमण भेष धारण गरी आवश्यक परिश्रम गर्दै अरहन्त भए।

उरूवेल काश्यपले सही अरहन्त, सही स्थितप्रज्ञ कसरी होइन्छ भन्ने विषयमा ठीक तरिकाले बुझ्न सके। जवसम्म कुनै व्यक्ति भित्री जटा र बाहिरी जटाको जटिलताहरूमा अलमलीरहन्छ, तबसम्म उसले आफूलाई हजार धोखाहरूमा अल्झाइरहन्छ। तर अरहन्त अवस्थाबाट धेरै टाढा भइरहन्छ। यस अवस्था (अरहन्त अवस्था) प्राप्त गर्नको लागि धेरै परिश्रम र पुरुषार्थ गर्नुपर्ने हुन्छ।

समझदार व्यक्ति पहिला **"सीले पतिट्ठाय"** अर्थात् शील पालन गर्ने कार्यमा तत्पर रहन्छ। तर शील पालन मात्र गर्दैमा लक्ष पूरा हुँदैन। शीलमा प्रतिष्ठित भई "चित्तं पञ्ञत्तचे भावयं" अर्थात् एकाग्र चित्त द्वारा समाधि र प्रज्ञाको भावना गर्नुपर्ने हुन्छ। यसलाई वारम्बार अनुभव गर्दै रहनु पर्ने हुन्छ। यस साधनामा आतापी निपको नभए सम्म अर्थात् "तप-तप गरी (क्लेश नाश नगरे सम्म ज्ञान नपाके सम्म" स्थित चित्त र स्थितप्रज्ञ हुन सक्दैन। सतत तपस्याद्वारा नै कुनै पनि व्यक्ति राग, द्वेष र अविद्याबाट सदाको लागि छुटकारा पाउन सकिनेछ। तब मात्र खीणासवा अरहन्तो अर्थात् क्षीणाश्रव अरहन्त हुन सकिने छ। तबमात्र बाहिरी र भित्री जटाहरूको जटिलतावाट मुक्ति प्राप्त हुनेछ। यी ५०१ वटा जटा-जटिल सन्यासीहरू पनि शीलमा प्रतिष्टित भई, समाधिमा पुष्ट भई, प्रज्ञामा प्रतिष्ठित भए। यसरी उनीहरू पनि स्थितपज्ञ भए र अरहन्त भए।

**अन्तो जटा बहि जटा, जटाय जटिता पजा**
**तं तं गौतम पुच्छामि, को इमं विजटये जटन्ति ॥**

भित्र पनि जटामा अल्झिरहेको छ, बाहिर पनि जटा नै जटामा अल्झिरहेको छ। सवै मानिसहरू जटामा बेस्सरी अल्झिरहेका छन्। त्यसैले हे गौतम ! म तपाइँ संग यो प्रश्न सोध्दैछु –

यस जटालाई कसले सुल्झाउन सक्छ होला ?

**सीले पटिट्ठाय नरो सपञ्ञो, चित्तं पञ्ञञ्च भावयं।**
**आतापी निपको भिक्खु, सो, इमं विजटये जटं ॥**
**येसं रागो च दोसो च, अविज्जा च विराजिता।**
**खीणासवा अरहन्तो, तेसं विजटिता जटा ॥"**

*- संयुक्त नि. ११.२३, देवता संयुत्त*

शीलमा प्रसितष्ठित भई प्रज्ञावान मनुष्य, चित्त र प्रज्ञाको भावना गर्नु। यस्तो तपस्वी र विवेकशील भिक्षुले नै यस जटालाई सुल्झाउन् सक्नेछ। जसको राग, द्वेष र अविद्या, विल्कुल हरिसकेको हुन्छ, जो क्षीणासव अरहन्त हो, उसको जटा सुल्झीसकेको हुन्छ। यस विधिको एक एक शब्दलाई बुझ्दै विपश्यना तपस्यामा पाक्दै पहिला उरूवेल कस्सप र उसका ५०० जना शिष्यहरूले भित्री जटाहरूबाट पूर्णरूपले मुक्ति प्राप्त गरे। तब उनीहरूलाई बाहिरी जटाहरू पनि भारी महशूस हुन थाल्यो। त्यसैले उनीहरूले आफ्ना शरीरका बाहिरी जटाहरूलाई पनि काटेर निरञ्जना नदीमा बगाईदिए र महाश्रवण बुद्धको श्रद्धालु अनुयायी भए।


☸

मुद्रकः न्यू नेपाल प्रेस १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं | फोनः ४४३४८५०, ४४३४७५३ | email: newnepalpress011@gmail.com

Downloaded from http://www.dhamma.digital

# THE DHARMAKIRTI

## A BUDDHIST MONTHLY



साभार: बुद्ध जीवन चित्रावली - आचार्य सत्यनारायण गोयन्का

उरुवेल कस्सपलाई बोध गर्नुहुँदै भगवान् बुद्ध

वर्ष-३६; अङ्क-८

बु.सं. २५६२, सकिमना पुन्हि

Downloaded from http://www.dhamma.digital

# तीनवटा देशका भन्ते गुरूमांहरूको तर्फबाट महापरित्राण पाठ सम्पन्न

*२०७५ कार्तिक ५ गते ।*

दिवंगत श्रद्धेय रत्न मञ्जरी गुरूमांको १२ औं पुण्यतिथीको उपलक्ष्यमा यसदिन दिनभर महापरित्राण पाठ गरी पुण्य सञ्चय गरी पुण्यानुमोदन गरिएको थियो ।

थाइलैण्डका भिक्षु मित्र र भिक्षु खनङ्ग, वर्माका प्रव्रजित गुरूमांहरू “दो तिकखावती” र “मा तुकेती” लगायत धर्मकीर्ति विहार र यस विहार अन्तरगत शाखा विहारमा प्रब्रजित नेपाली गुरूमांहरूको समूहबाट दिनभर महापरित्राण पाठ गरिएको थियो ।


कार्यक्रममा सहभागी हुनुभएका भन्ते गुरूमांहरू लगायत उपासकोपासिकाहरूलाई दि.रत्न मञ्जरी गुरूमां पूण्यस्मृति कोषले जलपानको प्रायोजन गरिएको थियो भने धर्मकीर्ति पुलांपुचले भोजनको व्यवस्था मिलाईएको थियो ।





*थाईलैंण्डका भिक्षु मित्र र भिक्षु खनङ्ग महापरित्राण पाठ गर्नुहुँदै*



*वर्माका प्रब्रजित गुरुमांहरू मां तुकेती र दो तिक्खावती महापरित्राण पाठ गर्नुहुँदै*







*धर्मकीर्ति विहार र उक्त विहार अन्तरगत शाखा विहारमा आवासिय नेपाली गुरुमांहरू महापरित्राण पाठ गर्नुहुँदै*

*( क्रमशः २३ पेजमा )*

Downloaded from http://www.dhamma.digital